# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बेलौरी नगरपालिका
### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बेलौरी नगरपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बेलौरी नगरपालिका

### कञ्चनपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बेलौरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले बेलौरी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ७६ लाख ४५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १५ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३० लाख र पेश्की रू. २ करोड २७ लाख ७३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १९ करोड ६१ लाख १० हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २३ करोड ९५ लाख ४० हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

बेलौरी नगरपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ११९ | ४७६४५ | ० | ० | ० | ७६ | ११९ | ४७६४५ | १५१७ | १३००० | १०३५३ | ० | ० | २३३५३ | २२७७३ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बेलौरी नगरपालिका, कञ्चनपुर | १९६११० | ० | ४२१५ | १९१८९५ | ० | ४७६४५ | २३९५४० |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बेलौरी नगरपालिका, कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रबिन्द्र प्रसाद चौधरी | २०७८-२-२५ | २०७८-११-८ |
| कार्यालय प्रमुख | सुशिला लेखक | २०७८-११-११ | २०७९-६-११ |
| कार्यालय प्रमुख | नर बहादुर विश्वकर्मा | २०७९-६-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ओम प्रसाद उपाध्याय | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,६४५,४५७.१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०,७८,४०,०७५.४९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,०४,३५,००० | **चालु खर्च** | ४०,५६,९८,९८४.२७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०२,३९,२२३ | **पूँजीगत खर्च** | २२,२०,५६,९०९.६१ |
| **राजश्व बाँडफाँट** | ११,७८,१७,५५०.५८ | **वितीय/अन्य व्यवस्था** | २३,७८,१६,१२२.६४ |
| **आन्तरिक आय** | ३,३९,७०,८००.३७ | | |
| **अन्य आय** | २०,६६,१०,१८५.९५ | | |
| **कुल आय** | ८४,९०,७२,७५९.९ | **कुल खर्च** | ८६,५५,७२,०१६.५२ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | ९,१३,४०,८१८.८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा, १२३ वर्ग किलोमिटर क्षेत्रफल तथा ५३५४४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग मिति २०७९।१०।६ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षकको बढी ग्रेड भुक्तानी वापत श्री गोरखनाथ मा.वि. बैलौरीका शिक्षक श्री नारायण रानाको रु.६६७८.०० राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय,बेलौरीमा मिति २०७९/१०/११ मा श्री जनजागृति पुष्पलाल स्मृती मा.वि.बेलौरीका शिक्षक ईन्द्र प्रसाद चौधरीको रु.६६७८.०० मिति २०७९/१०/१२ गते बेरुजु शिर्षक नं १५१११ मा जम्मा रु.१३३५६.०० असुल भई दाखिला भएको बैंक भौचर संलग्न रहेको छ । | |
| ४ | | | **वित्तीय विवरण परिक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ४.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५०८४९९५४।० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२१६७५८९७।० समेत गरी रु.१७२५२५८५१।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१२७०१२६६.०, यस वर्षको प्राप्ति रु.५३७८८४९१.८ र यस वर्षको भुक्तानी रु.४१०८७२२५.७६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विवरण</th><th>गत वर्षको जिम्मेवारी</th><th>यस वर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>११४३२०९९८.४९</td><td>६४८०२६६६३.३०</td><td>६५८६०१२८१.४६</td><td>९०२०१८१८.३३</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>१०७८४००७५.४९</td><td>८४९०७२७५९.९</td><td>८६५५७२०१६.५२</td><td>९१३४०८१८.८७</td></tr>
<tr><td>फरक</td><td>९३५१९०७७.०</td><td>२०१०४६०९६.६</td><td>२०६९७०७३५.०६</td><td>११३९०००.५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>
बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>1</td><td>चालु खर्च खाता</td><td>0</td><td>२६९८७२५१।५१</td><td>२६९८७२५१।५१</td></tr>
<tr><td>2</td><td>पुँजिगत खर्च खाता</td><td>0</td><td>२४८२३३३६।६४</td><td>२४८२३३३६.६४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>3</td><td>सञ्चित कोष खाता</td><td>६५७२१८७०।६३</td><td>२५८५०५५७।९२</td><td>-३९८७१३१२।७१</td></tr>
<tr><td>4</td><td>आन्तरिक राजश्व खाता</td><td>0</td><td>0</td><td>०.</td></tr>
<tr><td>५</td><td>राजश्व बाँडफाँड खाता</td><td>0</td><td>0</td><td>०.</td></tr>
<tr><td>६</td><td>आन्तरिक अनुदान खाता</td><td>0</td><td>0</td><td>०.</td></tr>
<tr><td>७</td><td>धरौटी खर्च खाता</td><td>११५४३३८९।९५</td><td>११५४३३८९।९५</td><td>०.</td></tr>
<tr><td>८</td><td>विविध खर्च खाता</td><td>१३८०७२३।०१</td><td>१२१०५७०५।०१</td><td>१०७२४९८२।०</td></tr>
<tr><td>9</td><td>विविध कोष खाता</td><td>८९९४५६२ ।०</td><td>८९९४५६२।०</td><td></td></tr>
<tr><td>10</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>२५०१२७३।२९</td><td>२५०१२७३।२९</td><td>०.</td></tr>
<tr><td></td><td></td><td>९०१४१८१८।८८</td><td>११२८०६०७६।०</td><td>२२६६४२५७।४४</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरी विवरण पेश गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सिमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क)अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भउका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योजदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भउको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस<br><br>पालिका तथा पालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्योंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **बेरुजु लगतः-**महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको छ । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्योंट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।<br><br>**आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भए पनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यानदिनु पर्दछ । | |
| ५.४ | | | **ईन्धन खर्च -** कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । कार्यालयले यस वर्ष इन्धनको लागि रु.३४९४९३७.१४।० खर्च भएको पाईयो । कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक,कार्यविवरण माइल मिटर,सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमा भएको भन्ने अवस्था देखिदैन । | |
| ५.५ | | | **भ्रमण प्रतिवेदन-** भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व.२०७८/७९ मा अनुगमन मुल्यांकन तथा भ्रमण खर्च वापत रु.२७७१८३५।० भुक्तानी गरेको पाईयो । कार्यालयले विभिन्न समयमा पदाधिकारी र कर्मचारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र संलग्न रहेकाले नियमावलीको व्यवस्था अनुसार गर्न विषेश ध्यान पुर्याउनुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री चित्राकुमारी चौधरीले मिति २०७८।३।१० गते रु.८२ करोड ५९ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा वडागत र पालिकास्तरका कुल २८० योजनामा वजेट विनियोजन गरेको छ ।
<table>
<tr><td>रु. १ लाख सम्म</td><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>रु. २ लाखदेखि ५ लाखसम्मका</td><td>रु. ५लाख देखि १० लाखसम्मका</td><td>रु. १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संख्या</td><td>रकम हजारमा</td><td>संख्या</td><td>रकम हजारमा</td><td>संख्या</td><td>रकम हजारमा</td><td>संख्या</td><td>रकम हजारमा</td><td>संख्या</td><td>रकम हजारमा</td><td></td></tr>
<tr><td>९९</td><td>७८०५</td><td>६७</td><td>११५५५</td><td>७५</td><td>२६१०७</td><td>२४</td><td>१९८८९</td><td>१५</td><td>१३३१४०</td><td>२८०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२० हजार देखि ५० लाख सम्मका जम्मा २८० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र कम रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भइ लागत प्रभावी नहुने तथा निमार्ण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>
चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा)
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">बजेटउपशीर्षक</th><th colspan="2">बजेटरखर्च</th><th colspan="2">प्रथमचौमासिक</th><th colspan="2">दोस्रोचौमासिक</th><th colspan="2">तेस्रोचौमासिक</th></tr>
<tr><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>४५७९९२</td><td>४०५६९९</td><td>१२२०२७</td><td>८९२४६</td><td>१७९१६२</td><td>११६५१२</td><td>१०८६३३</td><td>१९९९४०</td></tr>
<tr><td>२</td><td>पुँजीगत खर्चतर्फ</td><td>२८३४१५</td><td>२२२०५७</td><td>४२६९५</td><td>११९७१</td><td>१३१२३४</td><td>५५३२८</td><td>८७२७७२</td><td>१५४७५७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>७४१४०७</td><td>६२७७५६</td><td>१६४७२२</td><td>१०१२१७</td><td>३१०३९६</td><td>१७१८४०</td><td>९८१४०५</td><td>३५४६९७</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.६२ करोड ७७ लाख ५६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१० करोड १२ लाख १० हजार अर्थात १६.१६ प्रतिशत, दोस्रो चौमासिकमा रु.१७ करोड १८ लाख ४० हजार अर्थात २७.३७ प्रतिशत र तेस्रो चौमासिकमा रु.३५ करोड ४६ लाख ९७ हजार अर्थात ५६.५० प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.१४ करोड ७३ लाख १६ हजार अर्थात २३.४७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियमामा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४२२६९</td><td>३८४०६</td><td>७.७४</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२२६६९९</td><td>१८८१४५</td><td>३७.९६</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३००२१३</td><td>२५२९९२</td><td>५१.०३</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>३००</td><td>0</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>३१४४</td><td>२०८६</td><td>०.४२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१६९०८१</td><td>१४१२६</td><td>२.८५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७४१४०६</td><td>४९५७५५</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ५१.०३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.४२ प्रतिशत र वातावरण तथा विकासमा खर्न नै नभएको देखियो ।
</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३ करोड ३९ लाख ७० हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.६० करोड ८४ लाख ७१ हजार समेत रु.६४ करोड २४ लाख ६१ हजार आम्दानी भएकोमा चालु तर्फ रु.४० करोड ५६ लाख ९९ हजार र पूँजिगत तर्फ रु.२२ करोड २० लाख ५७ हजार समेत रु.६२ करोड ७७ लाख ५६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.४१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९३ लाख ९७ हजार खर्च भएको छ जुन आन्तरिक आयको २७.६६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.६२ प्रतिशत चालु र ३५.३८ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१५५२</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>४१५</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२३८</td></tr>
<tr><td>विवाह दर्ता</td><td>७०२</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>९</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table>
लेखापरीक्षणको क्रममा सेवा प्रवाह सम्बन्धि विवरण माग गरेकोमा पञ्चिकरण बाहेक पूर्वाधार विकास सडक निर्माण तर्फको विवरण उपलब्ध भएन । सेवा प्रवाह गरेको विवरण अभिलेव नराख्ने पदाधिकारीलाई जिम्मेवार वनाई विवरण अध्यावधिक वनाई राख्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२२०५६९०९।६१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ । | |
| ९ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ९.१ | | | **दरबन्दी पदपूर्ती विवरण —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वक्षेणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकिय अधिकृत सहित ६५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ३९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकिय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशाक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ९.२ | | | **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा नगरपालिका तर्फ ५५ जना र स्वास्थ्य तर्फ ३० गरि जम्मा ८५ जना कर्मचारीहरु करारमा राखि रु.२५०७३८१०।० खर्च लेखेको छ । कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानुन बमोजिम मात्र पदपुर्ति गरेर खर्च गर्नुपर्दछ | |
| ९.३ | | | **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिका तर्फ ३४ कर्मचारीको रु.२१०७९३८४।० खर्च लेखेको छ । पालिकाले मिति २०७८।८।२२ मा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई तलबी प्रतिवेदन पारित गरिदिन अनुरोध गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, कंचनपुरले तलबी प्रतिवेदन पारित नगरेको र पारित हुन नसक्नुको कारण पनि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जानकारी नगराएको प्रतिक्रिया पालिकाले दिएको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च गर्दा लेख्र पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ताभुक्तानी गर्नुपर्दछ । | |
| १० | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आन्तरिक आय रु.३३९७०८००।३७ रहेकोमा पालिकाले यस वर्ष सभा सञ्चालनमा रु.१५९९९५।०, खाना तथा विविधमा रु.४७७६८१०।० समेत रु.४९३६८०५।० खर्च गरेको पाईयो। आन्तरिक आयको १४।५३ प्रतिशत खाना तथा विविधमा खर्च गरेको छ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ ।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी १०५ जननालाई रु.४,०००/- देखि रु.४०,०००/- का खरले यो वर्ष जम्मा रु.१४४६५००।० आर्थिक सहायता वितरण गरेको छ । त्यस्तै उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३३९७०८००।३७ को ४.२५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १२ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १२.१ | | | **कानून निर्माणको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा विवरण माग गरेकोमा १६ वटा कानुनको नाम मात्र उपलब्ध गराएकोमा पालिकाले हालसम्म निर्माण भएका कानुनको स्पष्ट अभिलेख राख्ने गरेको देखिएन । कानुन निर्माण र राजपत्रमा प्रकाशित कानुनको अभिलेख राखि कार्यान्वयन गर्नुपर्दछ । पालिकाले आफ्नो क्षेत्र अधिकार भित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **न्याय सम्पादन अवस्था —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वाकी र कारवबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेकोमा यो वर्ष १६ विवाद दर्ता भएकोमा ९ वटा फस्यौंट भई ७ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| १३ | | | **निजि विद्यालय व्यवस्थापनः**<br><br>यस पालिकामा २३ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |
| १४ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १५ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **कोभिडतर्फ (आय व्यय)** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु.</th><th>खर्च शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>8723769.23</td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>900000</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>4442575.94</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>300000</td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता(तलब समेत)</td><td>2979920</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>2501273.29</td></tr>
<tr><td>जम्मा</td><td>9923769.23</td><td>जम्मा</td><td>9923769.23</td></tr>
</table>
पालिकाले रु.४४४२५७५।९४ को औषधि सिलबन्दी नगरी सिधै खरिद गरेको छ । जोखिम भत्ता रु. २९७९९२० वितरण गरेको छ । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कोभिड १९ बाट प्रभावितलाइ राहात वितरण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण कार्यविधि,२०७८ अनुसार कोभिड १९ बाट प्रभावित अति परिवारलाई सरकारले प्रतिपरिवार रु. १०,००० नगद वितरण गर्न पालिकालाई प्राप्त भएको रु. ७५,१०,००० मध्ये ६९८ जनालाइ रु. ६९८०००० वितरण गरेको विवरण गरेको पाइयो । कार्यविधि अनुसार वास्तविक पिडित पहिचान गरी समानुपातिक हुने किसिमले वितरण गर्नुपर्नेमा त्यस्तो भएको देखिएन । साथै पालिकाले सेवा सुविधाको वितरण गर्दा दोहोरो नपर्ने गरी समन्यायिक रुपमा वितरण गर्ने व्यबस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खोप आपूर्तिको तथा मौज्दातको अवस्था<br><br>पालिकामा यस आर्थिक वर्षमा देहायबमोजिमका ५ प्रकारका खोप प्राप्त भएकोमा लगाएको र फिर्ता विवरण निम्नानुसार रहेको छः-
<table>
<tr><th>विवरण</th><th>प्रथम डोज</th><th>दोस्रो डोज</th><th>बुस्टर मात्रा</th><th>खेर गएको</th><th>जम्मा</th></tr>
<tr><td>कोभिडसिल्ड</td><td>३००५</td><td>४२९२</td><td>१६०४</td><td>०</td><td>८९०१</td></tr>
<tr><td>एस्ट्राजेनका</td><td>४३४७</td><td>१०२४</td><td>२३</td><td>६०</td><td>५४५४</td></tr>
<tr><td>भेरोसिल</td><td>१८८०६</td><td>१६५६२</td><td>७८९</td><td>२५०</td><td>३६४०७</td></tr>
<tr><td>जन्सन एण्ड जन्सन</td><td>९५१७</td><td>०</td><td>२०९३</td><td>११०</td><td>११७२०</td></tr>
<tr><td>मोडर्ना</td><td>६४२२</td><td>६११०</td><td>२९००</td><td>१५०</td><td>१५५८२</td></tr>
<tr><td>फाईजर(१२ वर्ष माथि)</td><td>६५६</td><td>११५३</td><td>८८०२</td><td>२००</td><td>१०८११</td></tr>
<tr><td>फाईजर(५-११)</td><td>४३५९</td><td>४८३०</td><td>०</td><td>६०</td><td>९२४९</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| ४७११२ \| ३३९७१ \| १६२११ \| ८३० \| ९८१२४<br>यसरी ८३० डोज खोप खेर जानु उपयुक्त देखिएन । | |
| १९ | | | **प्रकोप व्यबस्थापन**<br><br>कार्यालयले कोभिड प्रकोप व्यबस्थापनका सन्दर्भमा कुण्डा कोभिड अस्पत्ताल निर्माण गरेको छ । उक्त अस्पत्ताल ८ जना कर्मचारी भर्ना गरिएको छ । स्वास्थ्यकर्मीहरुको पारिश्रामीक बाफत रु. २९४५३३७ खर्च भएको छ । औषधि खरिदमा रु. १९२४६०६ खर्च भएको छ । औषधि लगायतका स्वास्थ्य सामग्री खरिद एवं वितरण, राहात वितरण, क्वारेन्टाइन सञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन ।<br>कर्मचारी विवरण<br><br>डाक्टर- १ जना<br><br>स्टाफ नर्स- २ जना<br><br>ल्याब्टेक्निसियन- १ जना<br><br>स्वीपर- १ जना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भान्से-१ जना<br><br>का.स- १ जना | |
| २० | | | **बेमौसमी वर्षाको क्षतिपूर्ती-**<br><br>बेमौसमी वर्षाको क्षतिपूर्ती- २०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण धानवालीमा भएको क्षतिको राहत स्वरुप पालिकालाइ प्राप्र भएको रु.१०२८०५०९ मध्ये रु.१०२३१३०२।०१ वितरण गरि बाँकि रहेको रकम रु. ४९२०७।४१ सम्बन्धित निकायलाई फिर्ता गरेको छ । | |
| २१ | | | **पेश्की बाँकीः**<br><br>आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ ।कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु | २२,७७३,२०२ |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने,व्यक्ति,फर्म वा कम्पनीको नाम | | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | अक्सिजन प्लान्ट खरिद | फेयर ट्रेड प्रा.लि. | २८,६०,०००.०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण</td><td>गणेश निर्माण सेवा</td><td>५,१९,०००.००</td><td></td></tr>
<tr><td>३</td><td>प्रदेश समपुरक योजनाका लागि</td><td>गणेश निर्माण सेवा</td><td>५,७४,०००.००</td><td></td></tr>
<tr><td>४</td><td>प्रदेश समपुरक योजनाका लागि</td><td>गणेश निर्माण सेवा</td><td>५,७४,०००.००</td><td></td></tr>
<tr><td>५</td><td>आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण</td><td>ममताज कन्सट्रक्शन सर्विस</td><td>५,१८,०००.००</td><td></td></tr>
<tr><td>६</td><td>प्रदेश समपुरक योजनाका लागि</td><td>पि.एन.बी.डेभलपर्स</td><td>३,६२,५००.००</td><td></td></tr>
<tr><td>७</td><td>प्रदेश समपुरक योजनाका लागि</td><td>पि.एन.बी.डेभलपर्स</td><td>३,६२,५००.००</td><td></td></tr>
<tr><td>८</td><td>नव दुर्गा मालिका निर्माण सेवा</td><td>गत आ.व.मा भएका ठेक्काको भुक्तानी बाँकि रकम</td><td>६,३८,०००.००</td><td></td></tr>
<tr><td>९</td><td>नव दुर्गा मालिका निर्माण सेवा</td><td>गत आ.व.मा भएका ठेक्काको भुक्तानी बाँकि रकम</td><td>१,३७,०००.००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १० | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | वडा नं ९ का लागि एम्बुलेन्स खरिद | १०,००,०००.०० | |
| ११ | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | एम्बुलेन्स खरिद | ९,९१,४७०.०० | |
| १२ | जन नमुना आधारभूत विद्यालय | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याब व्यवस्थापन | | ९३,००,०००.०० |
| १३ | जन नमुना आधारभूत विद्यालय | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याब | | ७,००,०००.०० |
| १४ | कृष्ण आधार विद्यालय | विद्यालय कक्षाकोठा निर्माण | | १८,००,०००.०० |
| १५ | सिद्धकेदार आधार विद्यालय | विद्यालय कक्षाकोठा निर्माण | | ३६,००,०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६</td><td>नारायण राना</td><td>विमा तथा नविकरण खर्च</td><td></td><td>३,५०,०००.००</td></tr>
<tr><td>१७</td><td>महेश चौधरी</td><td>किसान सुचिकरण कार्यक्रम</td><td></td><td>२,३४,७५०.००</td></tr>
<tr><td>१८</td><td>डम्बर दत्त भट्ट</td><td>जग्गा खरिद कार्य</td><td></td><td>१६,००,०००.००</td></tr>
<tr><td>१९</td><td>डम्बर दत्त भट्ट</td><td>धनिराम चौधरीको घरदेखि बाधुराम चौधरीको घरसम्म सडक निर्माण,बेलौरी-७</td><td></td><td>७,८८,४५२.००</td></tr>
<tr><td>२०</td><td>डम्बर दत्त भट्ट</td><td>जग्गा खरिद कार्य</td><td></td><td>४४,००,०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८५,३६,४७०.००</td><td>२,२७,७३,२०२.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>बिउ वितरण अनुदानः<br><br>पालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत उन्नत धानको विउ वितरणतर्फ २००० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत कृषक समुह मार्फत रु.२२,००,०००.००, गहुँको उन्नत बिउ वितरणतर्फ ३७६० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत कृषक समुह मार्फत रु.२१,००,०००.०,च्याउको बिउ बितरणतर्फ २०० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.२,५०,०००.००,आलुको पि.बि.एस. बिउ बितरणतर्फ १० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१,००,०००.००,हाईब्रीड तरकारीको बिउ बितरणतर्फ २०० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.५,००,०००.०० र धान तथा गँहुको मुल बिउ बितरणतर्फ ३७ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१,९६,०००.०० गरी कुल रु.५३,४६,०००.०० खर्च गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने,नाफामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ । साथै अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमन प्रतिवेदन समेत पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td>८२</td><td>२०७९-३-२२</td><td>कृषि औजार खरिदः<br><br>पालिकाले आ.व.२०७८/७९ मा मागमा आधरित कार्यक्रम(पचास प्रतिशत अनुदान) अन्तर्गत रबिन्द्र एग्रो एण्ड ट्रेडर्सलाई ३१ थान पम्प(पानी तान्ने मेशिन),७ थान डिस्कहाइरो,१३ थान रोटाभेटर,४ थान डिस्कप्लो,५ थान डि रिपर,१७ थान पावर टिलर तथा मिनि टिलर,२ थान पेड्डी क्याट्यच व्हिल र १५ थान ईलेक्ट्रिक मोटर खरिद वापत रु.३१,५४,४९९.०० भुक्तानी गरेको पाईयो ।पालिकाले कुल ९४ थान कृषि सामाग्रि खरिद गरी ९३ जना कृषक समूह,फर्म तथा सहकारीलाई वितरण गरेको पाईयो । स्थानीय निकायले अनुदान वितरणका लागि कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको,एकै समूह तथा फर्मले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने,नाफामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ । साथै अनुदानको उपयोगको सुनिश्चतताको लागि अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बैठक भत्ता<br><br>१३४/२०७९/३/२४- सार्वजानिक खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धि मापदण्ड, २०७७ को नियम ६ बमोजिम कानुन बमोजिम गठित समितिलाई मात्र भत्ता दिने व्यवस्था छ । एउटै निकाय वा कार्यालयका कर्मचारी वा पदाधिकारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि भत्ता उपलब्ध गराउने व्यबस्था छैन । तर पालिकाले निम्न बमोजिमका कर्मचारीलाई खरिद इकाई बैठकको भत्ता भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी वा पदाधिकारीलाई भुक्तानी भएको रकम अनियमित देखिएको रु.<br><br><table><tr><th>विवरण</th><th>बैठक संख्या</th><th>कर पछिको भुक्तानी रु.</th><th>कैफियत</th></tr></table></td><td>१८,७००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुशिला लेखक</td><td>३</td><td>२५५०</td><td></td></tr>
<tr><td>देव बहादुर चन्द</td><td>१</td><td>८५०</td><td></td></tr>
<tr><td>पवन सिंह विष्ट</td><td>३</td><td>२५५०</td><td></td></tr>
<tr><td>ओम प्रसाद उपाध्याय</td><td>३</td><td>२५५०</td><td></td></tr>
<tr><td>जय सिह बोहरा</td><td>३</td><td>२५५०</td><td></td></tr>
<tr><td>मान बहादुर चन्द</td><td>३</td><td>२५५०</td><td></td></tr>
<tr><td>लेखक राम चौधरी</td><td>१</td><td>८५०</td><td></td></tr>
<tr><td>राधा तिमिल्सेना</td><td>३</td><td>२५५०</td><td></td></tr>
<tr><td>नारायण राना</td><td>२</td><td>१७००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८७००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
महँगी भत्ताः<br><br>
अर्थ मन्त्रालयको मिति २०७९/०१/१५ को निर्णयानुसार करारमा कार्यरत कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन नसकिने परिपत्र जारि भएको छ ।कार्यालयले देहाय बमोजिमका करार कर्मचारीलाई महँगी भत्ता भुक्तानी गरेको पाइएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>महँगी भत्ता भुक्तानी</th><th>कैफियत</th></tr>
</table>
</td><td>४८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>नरेश प्रसाद भट्ट</td><td>रोजगार संयोजक</td><td>६०००.००</td><td rowspan="9">श्रावण,भाद्र र असोज महिनाको</td></tr>
<tr><td>२</td><td>यज्ञ राज उपाध्याय</td><td>रोजगार सहायक</td><td>६०००.००</td></tr>
<tr><td>३</td><td>कृष्ण चौधरी</td><td>सहायक पाचौं</td><td>६०००.००</td></tr>
<tr><td>४</td><td>कुमार सिंह नगारी</td><td>सहायक पाचौं</td><td>६०००.००</td></tr>
<tr><td>५</td><td>गोकर्ण प्रसाद उपाध्याय</td><td>फिल्ड सहायक</td><td>६०००.००</td></tr>
<tr><td>६</td><td>भावना रेग्मी</td><td>उद्यम विकास सहजकर्ता</td><td>६०००.००</td></tr>
<tr><td>७</td><td>दिपा रावत</td><td>उद्यम विकास सहजकर्ता</td><td>६०००.००</td></tr>
<tr><td>८</td><td>शिव बहादुर मल्ल</td><td>कार्यालय सहयोगी</td><td>६०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८,०००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>स्वास्थ्यतर्फको तलबी प्रतिवेदन पारित नभएकोः<br><br>कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७८/७९ को स्वास्थ्य सेवा तर्फका ३१ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरि रु १,१६,६१,९७३.९१ खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन समयमै पारित गरि तलब भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारीः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलको स्वीकृत दरबन्दी तेरिज अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैटौं तहका(हे.ई,क.न.),२ जना पाचौं तहका(हे.ई.) र २ जना चौथो तहका(हे.ई,क.न.) गरी जम्मा ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिष्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिम विभिन्न स्वास्थ्य चौकीमा दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको छ। | |

| क्र.सं. | लक्ष्मीपुर स्वास्थ्य चौकी,बे.न.पा. २ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थाई दरबन्दी | स्थाई पदपुर्ति | स्थाई पदपुर्तिमध्ये बढी भएको | करार दरबन्दी | करार पदपुर्तिमध्ये बढी भएको | दरबन्दीभन्दा बढी भएको जम्मा | वार्षिक भुक्तानी रकम (पर्व भत्ता समेत) | कैफियत |
| | ६ | ६ | – | २(आवश्यक्ता अनुसार ल्या.अ.र का.स.राख्न पाउने) | **१ जना** | **१ जना** | ३,७१,९३०.० | **करार पदपुर्तितर्फः** १ जना अ.न.मि बढी भएको |
| | **रामपुर स्वास्थ्य चौकी,बे.न.पा. ८** | | | | | | | |
| २ | ६ | ६ | – | २(आवश्यक्ता अनुसार ल्या.अ.र का.स.राख्न पाउने) | **३ जना** | **३ जना** | ११,१५,७९०.०० | **करार पदपुर्तितर्फः**३ जना अ.न.मि बढी भएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td>१४,८७,७२०.००</td><td></td></tr></table>पालिकाले दरवन्दीभन्दा वढी कर्मचारीलाई सरुवा सहमती दिई हाजिर गराएको पाईयो ।जसले गर्दा कर्मचारीको तलव भत्ता भुक्तानीमा कठिन भएको, पटक पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो ।दरबन्दी भन्दा बढी कर्मचारी रहँदा धेरै कर्मचारी जिम्मेवारी विहिन भई पालिका र अन्तरगतका स्वास्थ्य सस्थामा बसेको पाइयो ।हिमाली र पहाडी जिल्लाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपुर्ति नहुदा सामान्य स्वास्थ्य उपचार सेवा उपलव्ध गराउन कठिन भएको अबस्थामा जिम्मेवार विहिन रहने गरी सरुवा सहमती दिई हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई आइन्दा यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने ।थप स्वास्थ्यकर्मी आबश्यक भए ओ एण्ड एम गरी सो अनुसार आबश्यक प्रकृया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दीभन्दा बढी कार्यरत कर्मचारीलाई अन्यत्र पठाउने व्यबस्था हुनुपर्दछ । | |
| २८ | | | **औषधीको गुणस्तरः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु. ४३,७३,२७२.०० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ । | |
| २९ | | | **शिक्षक दरवन्दी र पदपुर्ति-**<br><br>शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>प्रति शिक्षक बिद्यार्थी अनुपात</th></tr>
<tr><td>३१</td><td>१४१</td><td>१२४</td><td>११</td><td>८,३१३</td><td>१:५८</td></tr>
</table>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति नभएको हुँदा समयमै शिक्षकको पदपुर्ति गरी नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ साथै नियमावली अनुसार प्रति शिक्षक विद्यार्थी अनुपात मिलानतर्फ विषेश ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>दिवा खाजा निकासाः<br><br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.११.१ को ७.१ मा दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक बाल बिकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु १५/- का दरले १८० दिनका लागि विद्यालय अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ साथै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यलाय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित बेगर दिवा खाजा वापत कुल रु.७६,१२,०३५.०० भुक्तानि भएकोले प्रकृया विपरीत दिवा खाजा निकासा अनियमित देखिएको रु.</td><td>७,६१२,०३५</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>शिक्षकको ग्रेड बढी निकासाः</td><td>१३,३५६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था उल्लेख छ ।स्विकृत लेखापरीक्षण योजना अनुसार श्रेस्ता परीक्षण गर्दा नगरपालिकाले देहायबमोजिमका शिक्षकहरुको बढी ग्रेड भुक्तानी भएको तथा अन्य शिक्षकहरुको सम्बन्धमा तँहा कार्यालयबाट छानविन गरी बढी भुक्तानी वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>शिक्षकको नाम</th><th>विद्यालयको नाम</th><th>हुनुपर्ने ग्रेड संख्या/दर</th><th>बढी भएको ग्रेड संख्या/दर</th><th>ग्रेड बढी निकासा</th></tr>
<tr><td>१</td><td>जनक भट्ट(प्रा.वि तृतिय)</td><td>श्री त्रिभुवन मा.वि.रतनपुर</td><td>१/९५४</td><td>२/९५४</td><td>१/६,६७८.०</td></tr>
<tr><td>२</td><td>भुवन राज पन्त(प्रा.वि तृतिय)</td><td>श्री गणेश मा.वि.गणेशपुर</td><td>१/९५४</td><td>२/९५४</td><td>१/६,६७८.०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१३,३५६.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>बाल विकास सहजकर्ता<br><br>प्रारम्भिक बालबिकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका,२०६७ को बुँदा २ मा एउटा विद्यालयमा २५ जनासम्मको लागि विद्यालयभित्र छुट्टै एउटा कक्षाकोठा र एक जना छुट्टै तालिमप्राप्त सहजकर्ताको व्यवस्था बारे उल्लेख छ ।यस पालिकामा कुल ५१ बाल विकास सहजकर्ता रहेका छन ।२०७८/७९ को EMIS विवरण अनुसार बाल बिकास केन्द्रमा जम्मा ७२५ जना बालबालिका रहेको देखिन्छ ।जस अनुसार एक जना बाल बिकास सहजकर्ताले औषतमा १४.२१ जनालाई मात्र अध्यापन गराउने गरेको छ ।मार्गदर्शक पुस्तिका अनुसार विद्यालयमा एक जना शिक्षक बराबर बढीमा २५ जनासम्म विद्यार्थी हुनुपर्दछ ।जसअनुसार यस पालिकामा जम्मा २९ जना बाल बिकास सहजकर्ता मात्र भए पनि पुग्ने देखिन्छ ।तसर्थ बाल बिकास सहजकर्ताको दरबन्दी मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | ३२० | २०७९-३-१८ | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.६ मा छात्रवृत्तिको उपलब्धता,प्रयोग,शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा स्थानीय तहले आफै वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०७८/७९ मा कक्षा ९ देखि १२ मा अध्ययनरत २ विद्यालयका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट छनौट भई आएका २० जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वापत रु.३,४८,०००.०० भुक्तानी गरेको पाईयो ।पालिकाले उक्त विपन्न लक्षित छात्रवृत्ति अनुदानको प्रभावकारिता,उपलब्धता,प्रयोग तथा शैक्षिक प्रगति सम्बन्धि अनुगमन गरी आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन विशेष ध्यान दिनुपर्दछ । | |
| ३३.२ | | | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयलाई गरिबी पहिचान फारम भर्न सूचना प्रवाह गर्ने तथा फारम वितरणका लागि विद्यालयलाई निर्देशन दिने सम्बन्धि व्यवस्था रहेको छ ।पालिकामा कुल ३१ विद्यालयका कक्षा ९ देखि १२ सम्म ३२२६ विद्यार्थी अध्ययनरत भएता पनि २ विद्यालयका २० विद्यार्थीले मात्र विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेको पाईयो ।पालिकाले समयमै सूचना प्रवाह गरी सम्पुर्ण विद्यालयका सबै विपन्न तथा गरिब विद्यार्थीहरुको पहुँचमा पुर्याउन सबै सामुदायिक विद्यालयहरुलाई नियमानुसार निर्देशन गर्न ध्यान पुर्याउनुपर्दछ । | |
| ३४ | | | **अनुदानको सदुपयोग नभएकोः**<br><br>कार्यालयले आ.व.२०७८/७९ मा ११ वटा फर्मलाई ७७ वटा बाख्रा खरिद अनुदान वापत रु.४,३६,७४४.०० भुक्तानी गरेको पाईयो ।पालिकाले रेखा पशुपंछि तथा कृषि फर्मबाट अनिता पशुपंछि तथा कृषि फर्मले खरिद गरेका ७ वटा बाख्रा वापत रु.७९४०८.०० भुक्तानी गरेको पाईयो भने पुनः अनिता पशुपंछि तथा कृषि फर्मबाट रेखा पशुपंछि तथा कृषि फर्मले खरिद गरेका ७ वटा बाख्रा वापत रु.७९४०८.०० भुक्तानी गरेको पाईयो । | १५८,८१६ |

| | | | | |
|---|---|---|---|---|
| | | | The linked image cannot be displayed. The file may have been moved, renamed, or deleted. Verify that the link points to the correct file and location. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | प्रस्तुत चित्र अनुसार अनुदान वितरण कार्यक्रम वास्तविक लक्षित कृषक,फर्म तथा समूहलाई वितरण नहुँदा केही सिमीत फर्महरुले अनुदान रकम एक अर्काबीच प्राप्त हुने गरी उदेश्य अनुरुप अनुदानको सदुपयोग नगरेको पाईयो। दुई फर्मबीच भएको कारोबार पारदर्शी र मितव्ययी रहेको एवं वास्तविक कारोबार हो भनी एकिन गर्न नसिकएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु. | |
| ३५ | | | **अनुदानको अनुगमन र मूल्यांकनः**<br><br>अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ । | |
| ३६ | | | **बाखा पकेट विकास कार्यक्रमः**<br><br>कार्यालयले आ.व.२०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत बाखा पकेट विकास कार्यक्रममा १७ वटा फर्मलाई बाखा खरिद र खोर सुधार वापत कुल रु.६,७४,९६८.०० खर्च भएको पाईयो ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ३६.१ | २८२ | २०७९-३-१३ | बाखा खरिद अनुदान वापत त्रिपुरा कृषक एकल महिला समूह अन्तर्गत एकल महिलाहरुको आय आर्जन बढाउन उन्नत जातको बाखा रु.१०,०००.०० को दरले १० बाखाको कुल रु.१,००,०००.०० भुक्तानी गरेको पाईयो ।यसरी कृषक समूहले खरिद गरेका उन्नत जातका बाखा निरोगि भए नभएको प्रमाणित नहुने हुँदा खर्चमा प्रभावकारिता, मितव्ययिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयले ध्यान पुऱ्याएको देखिएन । | |
| ३६.२ | | | जिल्ला प्रशासन कार्यालय,कंचनपुरले आ.व.२०७८/७९ को स्वीकृत जिल्ला दररेटमा प्रति के.जी. खरी बाखाको रु.७००,जमुनापारी बाखाको रु.१०००,सिरोही बाखाको रु.१००० र ५० % बोयर क्रस बाखाको रु.१००० तोकेको छ ।कार्यालयले रु.४,३६,७४४.०० बराबरको विभिन्न ७७ वटा खरी र जमुनापारी जातका बाखा प्रति के.जी. को दरले नभई एकमुष्ट रुपमा खरी बाखा रु.९६०० देखि रु.१३३५० सम्म र जमुनापारी बाखा रु.८००० देखि रु.१३३०० मुल्यमा खरिद गरेको पाईयो ।जिल्ला दररेट अनुसार खरिद नगरी एकमुष्ट रुपमा बाखा खरिद गर्नाले तोकिएको दर रेट भित्र नै खरिद गरिएको भनी एकिन गर्न सकिएन ।अतः कार्यलयले यसतर्फ ध्यान पुऱ्याएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार वितरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण,नाला/नहर सफन, ट्र्याक खोल्ने कार्य लगायतका ३ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ९१ जनालाई रोजगारी उपलव्ध गराई रु.११,८५,८७१।०० खर्च गरेको छ । लक्षित वर्गलाई न्यूनतम १९ दिन देखि अधिकतम ३९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ३८ | | | **औषधी खरिद —**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. ४३,७३,२७२.०० को औषधि सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधीको औषधी उत्पादक कम्पनी खुल्दैन भने सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको एकिन हुन सकिएन,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने स्वीकार टाँस गरेको पाइएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • आपुर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको<br>तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | ४५९ | २०७८-९-१९ | **वीमा तथा नवीकरण खर्च**<br><br>कार्यालयले आफ्नो मातहतमा रहेका जिन्सी सामाग्री, सवारी सधान लगाएतको लगत अध्यावधिक रुपमा राख्ने तथा नियमानुसार समयाबधि भित्रै विमा, नविकरण गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा पालिका अन्तर्गतका १८ वटा सवारी साधनको विल बुक नविकरण गर्दा ढिलाई गरेको कारण रु.२९५५५।० जरिवाना भुक्तानी गरेको छ । कार्यालयमा रहेको सवारी साधन नविकरणमा ढिलाई गर्ने कर्मचारीलाई जिम्मेवार बनाउँदै बढी व्यायभार परेको रकम नियमित गर्नुपर्ने रु. | २९,५५५ |
| ४० | १२८ | २०७८-७-१४ | **गाडी भाडा**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले अन्य सेवा शुल्क शिर्षकबाट सरकारी कामकाजको लागि पालिका देखि धनगढी र महेन्द्रनगरसम्म बा १८ च ८७५३ गाडी प्रयोग गरेको उल्लेख गरी विशाल थारुलाई १५ दिनको रु.६५००.० दरले रु.९१५००।० भुक्तानी गरेको छ । तर कुन काम र के प्रयोजन उल्लेख गरेको छैन । अत के प्रयोजन र कार्यको लागि सवारी साधन प्रयोग गरेको हो सोको प्रमाण प्रमाण पेश गर्नुपर्ने रु. | ९१,५०० |
| ४१ | | | **सोझै खरिद** | ४,५२५,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री वजेट शिर्षकमा एकमुष्ट बजेट विनियोजन रु.४५२५१००।० गरेकोमा सबै सामाग्री सोझै विधिबाट खरिद गरेको छ । एकै प्रकृतिको सामाग्री पालिकाले प्रतिस्पर्धा नगराइ सोझै विधिबाट खरिद गर्नु मनासिव नदेखिएको रु. | |

| भौ.नं. | आपूर्तक | सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|
| २३-६।१३ | न्यू कंचन सः मिल तथा फर्निजर उद्योग | फर्निचर र फिक्चर्स | ४२६८८७.० | |
| २४-६।२३ | राज ट्रेड सेन्टर | मेसिनरी औजार | ४६८२०१.० | एसी र स्टेपलाईजर |
| २६-६।२३ | राज ट्रड सप्लायर्स | मेसिनरी औजार | ३५५४९६.० | विद्युतिय सामाग्री |
| १७३-७।१५ | जी.डी. ट्रेडीङ्ग एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | १६३४४७.० | |
| १७६-७।१५ | जिलत लक्ष्मी कम्पेक्स | फर्निचर र फिक्चर्स | १९२६१९.० | कार्पेट, दराज खरिद |
| २५७-८/१३ | राना इलेक्ट्रिकल्स | मेसिनरी औजार | ४५३८०८.० | डेक्सटप र प्रिन्टर खरिद |
| २५९-८।१३ | राज कम्प्युटर प्वाइन्ट | मेसिनरी औजार | ४९९७९९.० | डेस्कटप र प्रिन्टर खरिद |
| ३२२-८।२३ | क्वालिटि ट्रेड एण्ड सप्लायर्स | फर्निचर | ३७८३२४.० | कुर्सी खरिद |
| ३५०-९।७ | क्याप्स सप्लायर्स | विविध खर्च शिर्षकबाट मसलन्द | ४०४९०६.० | १ महिनामा १९ विलबाट |
| ६५०-११/६ | राज ट्रेड एण्ड सप्लायर्स | विविध खर्च शिर्षकबाट मसलन्द | १७७४१०.० | २ विलबाट |
| ९०९-१२/३० | क्वालिटि ट्रेड एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ३४१३७०.० | सोफा, फर्निचर खरिद |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२०४-३।१६</td><td>राज ट्रेड एण्ड सप्लायर्स</td><td>मेशिनरी</td><td>२८९२८.०</td><td></td></tr>
<tr><td>१२०४</td><td>राज ट्रेड सेन्टर</td><td>मेशिनरी</td><td>९५२५९.०</td><td></td></tr>
<tr><td>१२१७-३।१७</td><td>राज ट्रेड सेन्टर</td><td>मेशिनरी</td><td>९७६३२.०</td><td></td></tr>
<tr><td>१२२३-३।१७</td><td>जित लक्ष्मि कम्पलेक्स</td><td>फर्निचर</td><td>१४९७९२.०</td><td></td></tr>
<tr><td>१२२४-३।१७</td><td>न्यू भट्टराई किराना पसल</td><td>मसलन्द</td><td>१५७६५६.०</td><td></td></tr>
<tr><td>१३०३-३।२३</td><td>अनिरुद्र पुस्तक पसल</td><td>मसलन्द</td><td>१३३५६६.०</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>४५२५१००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>जिन्सी दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार कार्यालयमा विभिन्न माध्यमबाट प्राप्त जिन्सी सामाग्री प्राप्त भएको मितिले ७ दिनभित्र दाखिला गरी श्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले एम. टेक कम्प्युटर्सबाट रु.७३५००।० को एक थान आई ३ डेस्कटप कम्प्यूटरगरेको छ । तर कार्यालयको जिन्सी किताब (पाम्स) मा जिन्सी दाखिला गरेको छैन । ऐनमा भएको व्यवस्था अनुसार जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल दाखिला गर्नुपर्ने रु.</td><td>७३,५००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>गेटा आँखा अस्पताल घर भाडा<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसार स्थानीय तहले वजेट खर्च मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले घरभाडा शिर्षकबाट गेटा आँखा अस्पताल उपचार केन्द्रलाई सर्जिकल सेन्टरमा स्तरोन्नती गरी आँखाको शल्यक्रिया सेवा सञ्चालनका लागि ९ को मासिक रु.२५३००।० का दरले फाल्गुण २२ देखि आषाढ मसान्त सम्मको रु.१०७९४६।० घरभाडा भुक्तानी गरेको छ । निजि क्षेत्रबाट सञ्चालित संस्थाको क्षमता विस्तार कार्यको लागि पालिकाले दिर्घकालिन दायित्व सिर्जना हुने गरि रकम भुक्तानी गर्नु मनासिव देखिदैन । पालिकाको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नागरिकलाई आवश्यक रहेको र पालिका भित्रको संरचनाभित्रमा सञ्चालन गर्न नसकिएमा संस्थागत सुधारमा अनुदान दिनुपर्नेमा दिर्घकालीन दायित्व सिर्जना हुने गरी अनुदान रकम भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>मालपोत कार्यालय वेलौरीलाई रकम फिर्ता<br><br>पालिकाले मालपोत कर बापतको रकम स्थानीय तहलाई उपलब्ध गराएको आधारमा उपलब्ध रकमको ५ प्रतिशत रकम रु.६९१५६३।० मालपोत कार्यालयलाई फिर्ता गरेको छ । सोही सम्बन्धमा अन्य पालिकामा यस्तो रकम फिर्ता गरेको नदेखिएकोमा यस पालिकाले फिर्ता गर्नुपर्ने आधार पेश गरेको छैन । अत रकम फिर्ता गर्नुपर्ने आधार एकिन गर्नुपर्ने रु.</td><td>६९१,५६३</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>विविध कार्यक्रम<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका देहायबमोजिमका कार्यक्रममा प्रस्तावना, कार्यक्रमको लागत अनुमान, सम्पन्न प्रतिवेदन लगाएतका प्रमाण कागजात संलग्न नगरी रु.१३१९२६५.० रकम खर्च गरेको छ । प्रस्तावना, लागत अनुमान र सम्पन्न प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गरेकोले उक्त प्रमाण पेश गरी खर्च रकमलाई नियमित गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>संचालक</th><th>क्रियाकलाप</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१८२</td><td>विभिन्न चाडपर्व वडा भरी</td><td>शोभाताल युवा क्लब</td><td>वडा ५ मा दश्या विशेष सांस्कृतिक कार्यक्रम</td><td>१३५१७५.०</td><td>प्रस्तावना, ल.ई. सम्झौता, सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td>१८३</td><td>विविध खर्च</td><td>खेलकुद विकास समिति वे.ने.पा. ६</td><td>खेलकुद सामाग्री र जर्सी वितरण</td><td>९९०९०.०</td><td></td></tr>
</table></td><td>१,३१९,२६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५०५</td><td>नगरस्तरिय खेलकुद कार्यक्रम</td><td>बे.न.पा. खेलकुद विकास समिति</td><td>खेलकुद कार्यक्रम सञ्चालन</td><td>६३५०००.०</td><td>प्रस्तावना, कार्यक्रम, सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td>७३४</td><td>खेलकुद कार्यक्रम</td><td>वडा खेलकुद विकास समिति</td><td>सामाग्री खरिद वितरण</td><td>१०००००.०</td><td></td></tr>
<tr><td>९२२</td><td>विविध सांस्कृतिक तथा नगरस्तरिय देउडा कार्यक्रम</td><td>पञ्चकोशी चन्दननाथ एकता समाज</td><td>कार्यक्रम सञ्चालन</td><td>२०००००.०</td><td>प्रस्तावना, ल.ई. सम्झौता, सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td>२७८</td><td>नगरस्तरिय खेलकुद कार्यक्रम</td><td>नगर खेलकुद विकास समिति</td><td>खेलकुद कार्यक्रम सञ्चालन</td><td>१५००००.०</td><td>प्रस्तावना, ल.ई. सम्झौता, सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१३१९२६५.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>दलित क्षमता विकास सम्बन्धित कार्यक्रम<br><br>पालिकाले रकम खर्च गर्दा मापदण्ड निर्धारण गरी सोही अनुसार मात्र खर्च गर्नुपर्दछ । यस आर्थिक वर्षमा मापदण्ड नै स्पष्ट नगरी दलित क्षमता विकास सम्बन्धी कार्यक्रमबाट ९३ जना कक्षा ११/१२ मा अध्यायनरत दलित विद्यार्थीलाई विद्यालयले उपलब्ध गराएको विवरण अनुसार जनही रु.२५००।० दरले र अन्य ७ जनालाई विद्यार्थीले दिएको निवेदनको आधारमा रु.१०५००।० का दरले छात्रावृत्ती रकम भुक्तानी गरेको छ । यसरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मापदण्ड तयार नगरी मापदण्ड, प्रक्रिया, विद्यार्थी छनौटको आधार नै एकिन नगरी सोझै सुचना प्रकाशन, प्राप्त निवेदन तथा विद्यालयले पेश गरेको विवरणको आधारमा छात्रावृत्ती रकम भुक्तानी गर्नु मनासिव देखिदैन । अतः स्पष्ट आधार, मापदण्ड, प्रक्रिया एकिन गरेर मात्र छात्रावृत्ती उपलब्ध गराउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | ११७५ | २०७९-३-१५ | **कृषक समूहलाई ५० प्रतिशत अनुदान**<br><br>पालिकाले कृषक समूहलाई ५० प्रतिशत अनुदानमा स्प्रे टंकी तथा मोटर कार्यक्रममा दिपिका ट्रेड एण्ड सप्लायर्सबाट १ एच.पी. मोटर २५ थान रु.३०९८।५ दरमा र अमित एग्रोभेटबाट ४५ थान स्प्रे ट्याँकी रु.२४९८।० दरमा खरिद गरेको विजक पेश गरेको छ । साथै अन्य ३ वटा बीलमा सामाग्रीको नाममा समूहको नाम र परिमाणमा सामाग्रीको नाम लेखि स्पेशिफिकेशन नै उल्लेख नगरी २१ मोटर रु.७०००।० र १८ स्प्रे ट्याँकी रु.५०००।० दरमा खरिद गरेको देखिन्छ । कोटेशन विधिबाट खरिद गरेकोमा प्राप्त कोटेशन अनुसार ४५ थान स्प्रे ट्याँकी र २५ थान मोटर खरिद गरेको देखिन्छ । संलग्न कागजात अनुसार ६६ जनालाई वितरण गरेको भर्पाइ पेश भएको छ । वास्तविक रुपमा कम संख्यामा सामाग्री खरिद गरेको र अनुदानको लागि प्राप्त रकम भुक्तानी लिनको लागि विजक वढाउने मनासायले सामाग्रीको नाममा समूहको नाम लेखि विजक अंक पुर्याए जस्तो देखिएकोले यस सम्बन्धमा वास्तविक रुपमा सामाग्री खरिद तथा ५० प्रतिशत लागत साझेदारि भएको एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु. | १९९,९४१ |
| ४८ | | | **कर्मचारी तालिम खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) अनुसार सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागि अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यस्तै सरकारी कार्यालयले कुनै कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.७.१.१५ मा तोकीएको मापदण्डको पालना गरी खर्च गर्नुपर्दछ । पालिकाले तीन दिने कर्मचारी तालिम कार्यक्रममा लागत अनुमान नै स्वीकृत नै नगरी दिपसन मल्टि टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा.लि.सँग कोटेशन विधिबाट खरिद गरी सोही प्रस्तावनाका आधारमा रु.३५००००।० भुक्तानी गरेको छ । जसअनुसार निर्देशिकामा भएको व्यवस्था भन्दा देहायबमोजिम बढी भुक्तानी भएको रकम रु.१६९८७५।० लाई नियमसम्मत मान्न नसकिएको रु. | १६९,८७५ |

| क्र.सं. | विवरण | प्रस्तावना अनुसार दर | निर्देशिका अनुसार दर | संख्या | जम्मा फरक रकम |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षण खर्च | ९५००.० | १६००.० | ८ सेशन | ६३२००.० |
| २ | स्टेशनरी | २००.० | १००.० | ४५ जना | ४५००.० |
| ३ | खाना | ४००.० | २००.० | ४० जना ३ दिन | ७८७५.० |
| ४ | कर्मचारी यातायात | ५९०.० | एकमुष्ट ५००.० | ३५ जना ३ दिन | ४४४५०.० |
| ५ | सहयोगी खर्च | १०००.० | १५०.० | ३ दिन | २५५०.० |
| ६ | कार्यक्रम समायोजन खर्च | २१०००.० | १२००.० | १ पटक | १९८००.० |
| ७ | प्रतिवेदन तथा प्रपोजल | १५०००.० | २०००.० | १ पटक | १३०००.० |
| ८ | संचार खर्च | ५०००.० | १०००.० एकमुष्ट विवध खर्च | १ पटक | ४०००.० |
| ९ | फोटोकपी खर्च | ४५००.० | | | ४५००.० |
| १० | टि.डि.एस. | ६०००.० | सम्बन्धित संस्थालाई भुक्तानी गर्दा तिर्नुपर्ने | | ६०००.० |
| | जम्मा | | | | १६९८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **वितरण कार्यक्रम**<br><br>पालिकाले वजेट विनियोजन गर्दा वितरणमुखि भन्दा उत्पादन वृद्धि हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा उत्पादनमुखि भन्दा पनि देहायबमोजिम वितरणका कार्यक्रममा रु.३९९३४४०.० खर्च लेखेको छ । तर उक्त वितरण कार्यक्रमको लगि लाभग्राही छनौटको आधार तथा मापदण्ड तयार गरेको देखिदैन । जसबाट सम्बन्धित व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्ने र उक्त व्यक्ति वा संस्थाले स्वविवेकिय निर्णयको आधारमा वितरण गर्ने गरेको देखिन्छ । जसले गर्दा पालिकाले हरेक वर्ष वितरण गरिरहने तर यसले लाभग्राहीको वास्तविक जिवनस्तरमा उल्लेख्य परिवर्तन नहुने जोखिम रहिरहन्छ । अतः वितरणमुखि भन्दा उत्पादन वृद्धि हुने कार्यक्रमा बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ । | |

| भौ.नं. | कार्यक्रम | विरतण सामाग्री | परिमाण | रकम |
|---|---|---|---|---|
| ४६४ | उदयपुर बाढी पिडितलाई जिविकोपार्जन कार्यक्रम | बंगुरका पाठा खरिद | ६० गोटा | ४५००००.० |
| ५३५ | शुद्ध खानेपानी व्यवस्थापन | वायो स्पाण्ड फिल्टर १५ ली. | ९८ थान | ४९७२२२.० |
| ६४३ | जेष्ठ नागरिक एकल महिला तथा अपाङ्ग सम्मान कार्यक्र | बाङ्केट | ३०५ थान | |
| ८१० | गैर दलित महिला लक्षित कार्यक्रम | फिल्टर २० ली. | ३०० थान | २७२२००.० |
| ९३५ | जेष्ठ नागरिक सम्मान कार्यक्र | ब्लाङ्केट | २६५ थान | ४२३९९७.० |
| ९६२ | वर्षे घाँसको विउ वितरण | रियोसेन्टी घाँसको विउ | ६५० के.जी. | ११८३००.० |
| ९६८ | कृषि तथा पशुपंक्षी कार्यक्रम | ९ प्रकारका तरकारी विउ | ४२० प्याकेट | १४९४८०.० |
| १०६४ | माछा पालन फर्म समूह/समितिलाई अनुदान | माछा दाना अनुदान | १०५ बोरा | ३९९८४०.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११४३</td><td>कृषि अनुदान कार्यक्रम</td><td>स्पे ट्याँकी १८ ली.</td><td>८२ थान</td><td>४९२०००.०</td></tr>
<tr><td>११५५</td><td>वर्षे घाँसको विउ स्लिप सेट खरिद</td><td>स्मार्ट नेपियर बोट</td><td>१४२५ थान</td><td>२९१०००.०</td></tr>
<tr><td>११७५</td><td>कृषक समूहलाई ५० प्रतिशत अनुदानमा स्पे टंकी तथा मोटर</td><td>मोटर, स्पे टंकी</td><td>४६ थान मोटर, १८ थान टंकी</td><td>१९९९४१.०</td></tr>
<tr><td>३७७</td><td>जेष्ठ नागरिक तथा अपांग कार्यक्रम, द्वन्द्व पिडित दखिला तथा एकल महिला कार्यक्रम</td><td>ब्लाङ्केट</td><td>२२५ थान</td><td>२०००००.०</td></tr>
<tr><td>३७९</td><td>जेष्ठ नागरिक तथा एकल महिला लक्षित कार्यक्रम</td><td>ब्लाङ्केट</td><td>२६० थान</td><td>४९९४६०.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३९९३४४०.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>क्याम्पसलाई अनुदान<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार स्थानीय तहले आधारभुत तथा माध्यमिक तहसम्मको शैक्षिक गतिविधि सञ्चालन, व्यवस्थापन, नियन्त्रण लगाएतका कार्य गर्न पाउने गरि अधिकार क्षेत्र निर्धारण गरेको छ ।पालिकाले महाकाली बहुमुखि क्याम्पसलाई शैक्षिक भ्रमणको लागि रु.७००००।० र एक विद्यार्थी संगठन महाकाली बहुमुखी क्याम्पस इकाइ कमिटिले रक्तदान कार्यक्रम सञ्चालनको लागि रु.१५०००।० समेत रु.८५०००।० भुक्तानी गरेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर क्याम्पसलाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>वडाबाट विद्यालयलाई अनुदान<br><br>विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । त्यसको अतिरिक्त वडा तर्फको बजेटमा विद्यालयलाई शैक्षिक गुणस्तर सुधार, शैक्षिक स्तर उन्नति, जनशक्ति र आवश्यक अन्य खर्च लगाएतका कार्यक्रम राखि विद्यालयले पेश गरेको प्रस्तावनाका आधारमा देहायबमोजिमका विद्यालयलाई रु.२९४९३७।० रकम निकासा गरेको छ । विद्यालयले पेश गरेको प्रस्तावनामा अधिकांश विद्यालयले निजी शिक्षक व्यवस्थापनमा तसर्थ क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br><br><table>
<tr><th>भौ.नं.</th><th>विद्यालय</th><th>वडा नं.</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३६९-९।८</td><td>गणेश मा.वि.</td><td>७</td><td>विद्यार्थीलाई पोसाक वितरण</td><td>१४९८७२.०</td><td></td></tr>
<tr><td>११६६-३।१२</td><td>भगवानपुर मा.वि.</td><td>१०</td><td>गेट निर्माण</td><td>१४५०६५.०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td>७८९</td><td>२०७८-१२-१४</td><td>एल.पी.ग्यास वितरण<br><br>पालिकाले शहिद तथा वेपत्ता परिवार कार्यक्रम अन्तर्गत कृष्णा इम्लेक्सबाट २५६ थान ग्यास भराइ, ग्यास चुलो वर्नर ६१ थान, रेगुलेटर ६१ थान, लाईटर ६१ थान र पाइप २५ के.जी. खरिद गरेको विजक पेश गरेको छ । तर ६२ जनालाई ग्यास सिलिण्डर र चुलो १/१ थान विरतण गरेको वितरण भर्पाइमा उल्लेख छ । एक प्रकारको सामाग्री खरिद गरी अन्य प्रकारको समाग्री विवरतण गरेको भर्पाइ पेश गर्नु मनासिव देखिदैन । त्यस्तै ६२ जना लाभग्राहीलाई वितरण गरेकोमा उक्त लाभग्राही छनौटको मापदण्ड तयार नगरी स्वविवेकीय निर्णयको आधारमा लाभग्राही छनौट भएको देखिन्छ । साथै पालिकाले नविकरणीय उर्जा प्रवर्द्धन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आयातित अनविकरणिय उर्जाका स्रोतको प्रवर्द्धन गर्ने गरी वितरणको कार्यक्रम सञ्चालन गर्नु मनासिव नदेखिएकोले यस प्रकारका कार्यक्रममा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**सामाजिक सुरक्षा भत्ता वितरणको लागि गाडी भाडा**

पालिकले सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंकिङ्ग प्रणालीबाट गर्ने गरेको छ । तर उक्त रकम सम्बन्धित लाभग्राहीको घर घरमा उपलब्ध गराउने उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजनको लागि गाडी भाडामा प्रयोग गरेको उल्लेख गरी देहायबमोजिम रु.११०५००.० भुक्तानी गरेको छ । यस्तो अनुत्पादक र अनावश्यक कार्यक्रममा खर्च गर्नु उपयुक्त होइन ।

<table>
<tr><th>भौ.नं.</th><th>वापत</th><th>सवारी धनी</th><th>अवधि</th><th>रकम</th></tr>
<tr><td>६३७-११।६</td><td>वडा नं. १ र २ को सामाजिक सुरक्षा भत्ता वितरण</td><td>राज कुमार चौधरी</td><td>७ दिन</td><td>५९५००.०</td></tr>
<tr><td>११८८-३।१६</td><td>वडा नं. २ र ३ को सामाजिक सुरक्षा भत्ता वितरण</td><td>राज कुमार चौधरी</td><td>६ दिन</td><td>५१०००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>११०५००.०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>

**PAMS मा विवरण अध्यावधिक नगरेको**

सरकारी कार्यालयले कार्यालयमा प्राप्त भएको कुनै पनि जिन्सी सामाग्री कार्यालयमा प्राप्त भएमा उक्त सामाग्री पाम्समा अभिलेख जनाएर मात्र खर्च गर्नुपर्दछ । त्यस्तै पाम्स सफ्टवेयर लागु हुन पूर्वका खप्ने सम्पूर्ण जिन्सी सामाग्री पाम्समा अभिलेख जनाएर मात्र पाम्सबाट कारोबार सुरु गर्नुपर्दछ । पालिके यस आर्थिक वर्षबाट पाम्सको सुरुवात गरेकोमा पालिकामा विगतमा रहेका जिन्सी सामाग्रीको लगत सारेको छैन । जसले गर्दा पालिकामा रहेका जिन्सी सामाग्रीको यथार्थ अवस्थामा एकिन हुन सकिएन । अतः गत विगतका जिन्सी पाम्समा अल्या सारेर जिन्सी कारोबारलाई अध्यावधिक राख्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | 441 | २०७८-९-१८ | **एल.पी. ग्यास तथा चुलो वितरण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले शोभातल मध्यवर्ति सामुदायिक वन उपभोक्ता समितिको साझेदारिमा चुलो सहितको एल.पी. ग्यसा वितरण कार्यक्रममा पालिकाको रु. ४०००००।० र समितिको रु.८१६०००।० समेत रु.१२१६०००।० मा कार्यगर्ने गरी समितिसँग सम्झौता गरि कार्य गरेको छ । जस अनुसार समितिले न्यू शक्ति ट्रेडर्स एण्ड सप्लायर्सबाट ६४६ थान ग्यास भराइ, ग्यास चुलो वर्नर १५२ थान, रेगुलेटर १५२ थान, लाईटर १५२ थान र पाइप ५० के.जी. खरिद गरेको विजक पेश गरेको छ । तर १५६ जनालाई ग्यास सिलिण्डर र चुलो १/१ थान विरतण गरेको वितरण भर्पाइमा उल्लेछ । एक प्रकारको सामाग्री खरिद गरी अन्य प्रकारको समाग्री विवरतण गरेको भर्पाइ पेश गर्नु मनासिव देखिदैन । त्यस्तै १५६ जना लाभग्राहीलाई वितरण गरेकोमा उक्त लाभग्राही छनौटको मापदण्ड तयार नगरी समितिको स्वविवेकीय आधारमा लाभग्राही छनौट भएको देखिन्छ । साथै पालिकाले नविकरणीय उर्जा प्रवर्द्धन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आयातित अनविकरणिय उर्जाका स्रोतको प्रवर्द्धन गर्ने गरी वितरणको कार्यक्रम सञ्चालन गर्नु मनासिव नदेखिएकोले यस प्रकारका कार्यक्रममा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ५६ | 32 | २०७८-६-२३ | **सवारी साधन मर्मत खर्च**<br><br>कार्यालयले सवारी साधनको मर्मत गर्दा मर्मत आदेश स्वीकृत गराउने तथा स्वीकृत मर्मत आदेशका आधारमा मर्मत गरि मर्मत अभिलेखमा जनाएर मात्र रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले वंगलामुखी अटो सर्भिस प्रा.ली.बाट एउटा गाडी २ पटक मर्मत गरी रु.४९५५६१।० भुक्तानी गरेको छ । तर मर्मत कार्यको मर्मत आदेश, अभिलेख, दाखिला प्रतिवेदन संलग्न नगरेकोले मर्मत कार्यलाई नियमसम्मत मान्न नसकिएकोले मर्मत कार्य भएको देखिने प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ४९५,५६१ |
| ५७ | | | **गोबरग्यास मर्मत कार्यक्रम**<br><br>पालिकाले गोबर ग्यास मर्मत कार्यको लागि त्रिवेणी गोवरग्याँस कम्पनी प्रा.ली. सँग सम्झौता गोबर ग्याँस प्लान्ट मर्मत कार्यको लगि देहायबमोजिम रु.७४५०००।० भुक्तानी गरेको छ । भुक्तानी गर्दा मर्मत गर्नुपर्ने गोबरग्याँस संख्या तथा त्यसमा लाग्ने लागत अनुमान तयार नगरी दररेट | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुसार न्यूनतम दर पेश गर्ने संस्थाको आधारमा सम्बन्धित वडा तथा पालिका भित्रका गोवरग्याँस मर्मत गर्ने भनि सम्झौता गरेको छ । सम्झौतामा क-कसको, कति संख्यामा मर्मत गर्ने भन्ने विषय उल्लेख नगरी एकमुष्ट रकम मात्र उल्लेख छ । लागत अनुमान तयार नगरी संस्थाले पेश गरेको प्रस्ताव अनुसार कार्य गरेको र संस्थाले कार्य/मर्मत गरेको भनि पेश गरेको विवरणकै आधारमा कार्य सम्पन्न भएको र कार्य प्रभावकारी भएकोमा एकिन हुन सकिदैन । साथै कसको गोबरग्याँस मर्मत भयो सो को विवरण पालिकामा नराखेको कारण आगामि वर्षमा पनि सम्बन्धित व्यक्तिले नै मर्मतको अवसर पाउने र अन्यले नपाउने जोखिम रहन्छ । अतः मर्मत गर्नुपर्ने विवरण एकिन गरी सोही अनुसारको लागत अनुमान तयार गर्ने तथा विवरण अध्यावधिक गरेर मात्र मर्मत कार्य गर्नु गराउनु पर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>मर्मत गरेको विवरण पेश संख्या</th><th>रकम</th></tr>
<tr><td>२८४-८।२० न.पा चालु</td><td>१० वटा</td><td>५००००.०</td></tr>
<tr><td>४४५-९।१८ न.पा. चालु</td><td>७९ वटा</td><td>२०००००.०</td></tr>
<tr><td>१५-१२।७ संघ सशर्त पूँजीगत</td><td>५० वटा</td><td>४९५०००.०</td></tr>
<tr><td>जम्मा</td><td>१३९ वटा</td><td>७४५०००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सडक सोलार बत्ती जडान<br><br>पालिकाले खरिद गरेको जिन्सी सामाग्री तथा सञ्चालित कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भए नभएको एकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा देहायबमोजिम रु.१९६०४८१.० बराबरको सौर्य सडक वत्ती (वत्ती, वत्ती स्ट्यान्ड र तार मात्र) जडानमा खर्च गरेको छ । तर उक्त सौर्य वत्ती जडान भएको स्थान खुलाई आम्दानी बाध्नुपर्नेमा सो गरेको पाइएन । जसबाट हरेक वर्ष सडक वत्ती जडानको लागि बजेट विनियोजन हुने र विनियोजित बजेट बराबरको सबै रकम खरिदमा खर्च गर्ने गरेको देखिन्छ । अतः आवश्यकता पहिचान गरी सोही क्षेत्रमा मात्र सडक वत्ती जडान गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>भुक्तानि लिने</th><th>सडक वत्ती संख्या</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९३</td><td>सडक तथा सोलार वत्ती जडान</td><td>मष्टा विजुली सेन्टर</td><td>८५ थान</td><td>४४९९९४.०</td></tr>
<tr><td>४३६</td><td>विद्युत महशुल तथा लाईट व्यवस्थापन वडा नं. ४</td><td>जि.एम.ट्रेड एण्ड सप्लायर्स</td><td>९४ थान</td><td>४९६६१२.०</td></tr>
<tr><td>५३८</td><td>सडक वत्ती जडान वडा नं.१०</td><td>निहारिका ट्रेडिङ्ग हाउस</td><td>७५ थान</td><td>३९६३४७.०</td></tr>
<tr><td>५८५</td><td>पोल पोलमा सडक वत्तीको व्यवस्था वडा नं. ८</td><td>भुमिराज इलेक्ट्रोकल्स</td><td>८५ थान</td><td>४४८३२७.०</td></tr>
<tr><td>९६९</td><td>सडक वत्ती जडान वडा नं. ६</td><td>न्यू प्रदिप इलेक्ट्रोनिक्स</td><td>३२ थान</td><td>१७८२०१.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१९६०४८१.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td>1308</td><td>२०७९-३-२४</td><td>छात्रावृत्ती अनुदान<br><br>बेलौरी नगरपालिका छात्रवृत्ती निर्देशिका, २०७८ को बुँदा नं. ५ अनुसार नगरपालिकाले प्रशासकीय अधिकृतस्तरको निर्णयबाट रु.२० हजार र नगर प्रमुख/उपप्रमुख स्तरीय निर्णयबाट रु.२५ हजारसम्म नगरपालिका भित्रका स्थायी बासिन्दालाई छात्रावृत्ती रकम दिन सकिने व्यवस्था छ । पालिकाले दुई जना दलित एवं जेहेन्दार विद्यार्थीलाई १८ महिने प्राविधिक शिक्षामा छात्रावृत्ती कार्यक्रम वडा नं. ९ को बजेटबाट मन्जु राना र निता लुहारको लागि त्रिभुवन माध्यमिक विद्यालयलाई रु.१५००००।० भुक्तानी गरेको छ । उक्त विद्यार्थी छनौटको आधार स्पष्ट नभएको तथा पालिकाले तयार गरेको निर्देशिका अनुसार वढीमा रु.२५ हजार सम्म मात्र छात्रवृत्ती उपलब्ध गराउन सकिनेमा प्रति विद्यार्थी रु.७५ हजार दरले उपलब्ध गराएको देखिएको निर्देशिका विपरित वितरण गरिएको छात्रबृत्तीलाई नियसम्मत भएको मान्न नसकिएको रु.</td><td>१५०,०००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>धरौटि तर्फ</td><td>२,१८४,५८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने अवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यअभिबृद्धि कर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी वापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजनको पत्र वा कर चुक्ता प्रमाणपत्र पेश नगरे पनि धरौटी फिर्ता गरेको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले त्रुटि सच्याउने अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. २१८४५८५ दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>क्र. सं.</th><th>गो.भौ/ मिति</th><th>धरौटी फिर्ता पाउने</th><th>ब्यहोरा</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३/०७८/०७/०७</td><td>न्यू बासुलिङ्ग निर्माण सेवा</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>२२०१३</td><td></td></tr>
<tr><td>२</td><td>६/०७८/०७/१२</td><td>तेडी निर्माण सेवा प्रा.लि</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>२१७०२</td><td></td></tr>
<tr><td>३</td><td>७/०७८/०७/१४</td><td>गणेश निर्माण सेवा</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>११२५०२</td><td></td></tr>
<tr><td>४</td><td>१४/०७८/१०/०९</td><td>सिद्देश्वर मेडिसिन सप्लायर्स</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>७२५००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १५/०७८/१०/१० | आरब कन्ट्रक्सन प्रा.लि | मु.अ. करसमायोजन पत्र नभएको | ४१००६४ | |
| ६ | १६/०७८/१०/१४ | अशोक मनोज निर्माण सेवा | मु.अ. करसमायोजन पत्र नभएको | ५०००० | |
| ७ | १७/०७८/१०/२४ | बासुलिङ्ग कन्ट्रक्सन एण्ड सप्लायर्स | मु.अ. करसमायोजन पत्र नभएको | ७७२७८ | |
| ८ | १८/०७८/११/०५ | वि.पी निर्माण सेवा | मु.अ. करसमायोजन पत्र नभएको | २९९५४२ | |
| ९ | २१/०७८/११/०५ | अशोक मनोज निर्माण सेवा | मु.अ. करसमायोजन पत्र नभएको | ६३००० | प्राविधिक सिफारिस नभएको |
| १० | २२/०७८/११/०६ | श्री लटिनाथ निर्माण सेवा | मु.अ. करसमायोजन पत्र नभएको | २००००० | प्राविधिक सिफारिस नभएको |
| ११ | २४/०७८/११/३० | श्री रक्षा कन्ट्रक्सन | मु.अ. करसमायोजन पत्र नभएको | २१९०० | प्राविधिक सिफारिस नभएको |
| १२ | २८/०७९/०१/०८ | अशोक मनोज निर्माण सेवा | मु.अ. करसमायोजन पत्र नभएको | २०४९२ | |
| १३ | ३१/०७९/०१/१५ | जे.के ट्रेड एण्ड सप्लायर्स | मु.अ. करसमायोजन पत्र नभएको | १८३००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४</td><td>३१/०७९/०१/१५</td><td>लाक्स ग्रुप कम्पनी प्रा.लि</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>१८३०००</td><td></td></tr>
<tr><td>१५</td><td>३२/०७९/०२/०५</td><td>आरब कन्ट्रक्सन प्रा.लि</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>१२४०९४</td><td></td></tr>
<tr><td>१६</td><td>३६/०७९/०२/२३</td><td>रविन्द्र एग्रो एण्ड ट्रेडर्स</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>१८३०००</td><td></td></tr>
<tr><td>१७</td><td>४२/०७९/०३/२१</td><td>वि.पि निर्माण सेवा</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>२१६७५</td><td></td></tr>
<tr><td>१८</td><td>४३/०७९/०३/२१</td><td>आरब कन्ट्रक्सन प्रा.लि</td><td>मु.अ. करसमायोजन पत्र नभएको</td><td>११८८२३</td><td></td></tr>
<tr><td colspan="5"></td><td>जम्मा<br>२१८४५८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>निरीक्षण नभएको<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । साथै राजस्व आम्दानी गर्दा मलेप फारामहरुको प्रयोग समेत गरेको देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.१,१४,४४,९६० यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । | |
| ६२ | | | **ढिला राजश्व दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाले देहायबमोजिमको रकम असुल गर्न बाँकी रहेको देखिएकाले बाँकी रकमको व्याज समेत गणना गरी असुल गर्नुपर्ने रु.<br><br>ठेकेदारको नाम: श्री शंकर राना; विवरण: कवाड संकलन; सम्झौता रकम: ४११७८६; भुक्तानी रकम: २०६२८६; बाँकी रकम ब्याज समेत: २२६०५० | २२६,०५० |
| ६३ | | | **रसिदको अभिलेख**<br><br>रसिदको अभिलेख - कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यबस्था छ । पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गरेर सोको अभिलेख राख्नुपर्ने व्यबस्था छ । छपाई रसिदको संख्या, खर्च भएको भएको रसिद संख्या र बाकी रसिद संख्या एकिन गर्न सकिएन । कार्यालयले समय-समयमा वडा कार्यालयहरुमा अनुगमन निरीक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । यस्तो अवस्थामा पालिकाले सबै आय यथार्थरुपमा असुल गरी दाखिला गरेको छ भन्ने अबस्था रहेन । यसमा तत्काल सुधार हुनुपर्दछ । | |

Nested table (row ६२):

| ठेकेदारको नाम | विवरण | सम्झौता रकम | भुक्तानी रकम | बाँकी रकम ब्याज समेत |
|---|---|---|---|---|
| श्री शंकर राना | कवाड संकलन | ४११७८६ | २०६२८६ | २२६०५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **ट्रान्सफर्मर खरिद**<br><br>हस्तान्तरण र जडान नभएको:<br>२।२०७९।२।३१ पालिकावाट खरिद भएका सम्पूर्ण सामानको पाम्स प्रणालीमा अभिलेख गर्नु पर्दछ भने अन्य निकायलाई दिनका लागि खरिद भएका सामानहरु भएमा हस्तान्तरण गरेको प्रमाण अभिलेखिकरण गर्नु पर्दछ । पालिकाले के डी भागेश्वर संग १ थान ट्रन्सफर्मर खरिद र जडानका लागि मिति २०७९।२।१० मा सम्झौता गरी २०७९।२।३१ रु ६९४९५०। भुक्तानी दिएको पाइयो । सामान प्राप्त भए पछि स्टोर दाखिला गरी पाम्समा आम्दानी बांधी हस्तान्तरण गर्ने सामान भएमा हस्तान्तरण गरेको अभिलेख राख्नु पर्नेमा सो गरेको पाइएन । खरिद गरेको तर अवस्था एकिन नभएको उक्त ट्रन्सफर्मर पाम्स प्रणालीमा अभिलेखिकरण गरी हस्तान्तरण एवं जडानको प्रमाण पेश हुनु पर्ने रु | ६९४,९५० |
| ६५ | | | **योजना कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा ३ मा योजना वनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने, स्थानीयहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लैंगिक समानता र समावेशीकरण अभिबृदि हुने, महिला,बालबालिका, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । तर पालिकाले आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नवनाई साना साना टुक्क्रे कामका लागि वजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ । यस्ता योजनाहरु स्थानीय आवश्यकता का आधारमा भन्दा पनि मागका आधारमा छनौट गर्ने गरेको देखिन्छ । साथै छनौट भएका योजना कार्यान्वयन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भए सम्म एउटै प्याकेज वनाई खरिदमा प्रतिस्पर्धा गराई लागत प्रभावी ढंगवाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एवं दररेट माग गरी साना फर्महरुवाट खरिद एवं निर्माण कार्य गराउने गरेको कारण गुणस्तरयुक्त, दिगो एवं दीर्घकालिन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भए गरेको देखियो । पालिकाले ठूला एवं दीर्घकालमा जनताको रोजगारी आयआर्जन र जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सडक गुरुयोजना र अभिलेख**<br><br>पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम सडक निर्माण स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरु योजन तयार गरी सोही वमोजिम कार्य हुनु पर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो । | |
| ६७ | | | **नर्मस भन्दा वढी खर्च**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धि नर्मस भए त्यस्तो नर्मस वमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न सडकहरु निर्माण गर्ने क्रममा कालो पत्रे गर्नु पूर्व गरिने ट्याक कोटको प्रति वर्ग मिटर क्षेत्रमा ०.६ लिटर भन्दा वढी खपत हुने देखाई सोही वमोजिम निर्माण व्यवसायीहरुलाई भुक्तानी समेत भएको छ । सडक विभागको नर्मस अनुसार प्रतिवर्ग मिटर ०.६ लिटरका दरले खपत हुने व्यवस्था भएकोमा नर्मस भन्दा निम्नानुसार वढी खपत देखाई निम्नानुसार वढी भुक्तानी भएको असुल गर्नु पर्ने रु | १,०३०,२६९ |

| गो भौ नं र मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | ट्याक कोट गरेको क्षेत्रफल | ट्याक कोट खपत भएको लि | ट्याक कोट वढि खपत भएको लि | दर रु | वढी भुक्तानी मु अ कर समेत |
|---|---|---|---|---|---|---|---|
| ३१३।२०७९।३।२० | कुमार अमृत जे भी | वडा नं ५ मा रिङ्ग रोड निर्माण | ३२६२१।८३४ | २२८३५।२८४ | ३२६२।१८४ | ९७ | ३१६४३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४९।२० ७८।१२। १६ | अमृत कन्सट्रक्सन | हुलाकी सडक मानव धर्मा जोडने सडक | २०१२।३५ | २०१२।३५ | ८०४।९४ | १०० | ८०४९४ |
| १४८।२० ७८।१२। १६ | अमृत कन्सट्रक्सन | हर्कलाल चौधरीको घरदेखि कालिका स्कुल र पिपल चोक देखि पूर्व नहर सम्म कालोपत्रे | ५२५ | ५२५ | २१० | १०० | २१००० |
| १४७।२० ७८।१२। १६ | अमृत कन्सट्रक्सन | ठुलो सिंगपुर र गणेश मा वि अगाडी सडक कालोपत्रे | १८२६।३४ | १८२६।३४ | ७३० | १०० | ७३००० |
| ३३३।२० ७९।३।३ १ | वि पि निर्माण सेवा | गिरी चोक वडा नं १ सरस्वती प्रा वि ट्रान्सफर्मर सम्म फतियचोक गोलियवजार जाने वाटो कालोपत्रे | ६३७३।९० | ६३७३।९० | २५४९।५६ | ११० | २८०४५२ |
| २३१।२० ७९।२।१ ३ | अमृत कन्सट्रक्सन्स | दिपज्योजि स्कुल देखि वडा न १ सडक कालोपत्रे | ९७८ | ९७८ | ३९१।२ | १०० | ३९१२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३५।२०७९।२।१६ | अमृत कन्सट्रक्सन्स | नैन सिंह शाहीको घर देखि दिपज्योति स्कुल जाने वाटो र दिपज्योति स्कुल | २३३४ | १६३८ | २३७।६ | ११० | २६१३६ |
| २९५।२०७९।३।१६ | बैजनाथ कन्सट्रक्सन | छप्परतेला पिपल चोक मोतिपुर सडक कालोपत्रे | १७८७।५ | १७८७।५ | ७१५ | १०० | ७१५०० |
| ३३९।२०७९।३।२ | बैजनाथ कन्सट्रक्सन | गणेश मा वि रामकृण्ण रानाको घर पौलाहा कल्यान मा वि उतर नहर जाने वाटो कालोपत्रे सडक | २३२४।२५ | २३२४।२५ | ९२९।७ | १०७ | ९९४७८ |
| ३९४।२०७९।३।२५ | शिववावा निर्माण सेवा | वडा नं १० चिनी मिल देखि निर्मला शारदा आर्यघाट सम्म जाने वाटो कालोपत्रे | ४०४।६० | ४०४।६० | १६१।८४ | १४० | २२६५८ |
| | | जम्मा | | | | | १०३०२६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **जेनेरेटर खरिद**<br><br>३४१।२०७९।३।२२ पालिकावाट खरिद भएका सम्पूर्ण सामानको पाम्स प्रणालीमा अभिलेख गर्नु पर्दछ भने अन्य निकायलाई दिनका लागि खरिद भएका सामानहरु भएमा हस्तान्तरण गरेको प्रमाण अभिलेखिकरण गर्नु पर्दछ । पालिकाले हट नेपाल प्रा लि काठमांडौ संग ३ थान जेनेरेटर खरिद र जडानका लागि मिति २०७९।१।२६ मा सम्झौता गरी २०७९।३।२२ रु २७९९१२३। भुक्तानी दिएको पाइयो । सामान प्राप्त भए पछि स्टोर दाखिला गरी पाम्समा आम्दानी वांधी हस्तान्तरण गर्ने सामान भएमा हस्तान्तरण गरेको अभिलेख राख्नु पर्नेमा सो गरेको पाइएन । तीन थान मध्ये एक थान पालिका कार्यालय भित्र जडान भएको, एक थान प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना भएको अक्सिजन प्लाण्टका लागि गएको भनीएकोमा हस्तान्तरण भएको प्रमाण संलग्न नभएको र वांकी एक थानको अवस्था प्राप्त हुन सकेन । अत खरिद भएका ति सामानहरु पाम्स प्रणालीमा अभिलेखिकरण गरी अवस्था एकिन नभएको एक थान जेनेरेटरको हस्तान्तरण एवं जडानको प्रमाण पेश हुनु पर्ने रु | ९३३,०४१ |
| ६९ | | | **एम्वुलेन्स खरिद**<br><br>सार्वजनिक खरिद ऐन २०६४ को दफा ५२क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता वाट अग्रिम बैक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नवढने गरी पेश्की दिन सक्ने व्यवस्था छ । पालिकाले अग्नी इन्कर्पोरेट प्रा लि संग रु १९९१४७०। मा एक एम्वुलेन्स खरिद गर्न मिति २०७८।१२।१६ मा सम्झौता गरेको छ । समझौता वमोजिम प्रा लि ले पेश्की प्राप्त गरेको १५ देखि १८ हप्त भित्र एम्वुलेन्स हस्तान्नतरण गर्ने गरी सम्झौताको सम्पूर्ण रकम पेश्की दिएकोमा सो वरावरको पेश्कीको बैक जमानत लिएको पाइएन । एम्वुलेन्स हाल सम्म पनि पालिकले प्राप्त गरी आम्दानी वाँधेको समेत देखिएन । अत एम्वुलेन्स वुझी आम्दानी वाँधेको प्रमाण पेश हुनु पर्ने रु | १,९९१,४७० |
| ७० | | | **अक्सिजन प्लाण्ट** | |
| ७०.१ | | | यस नगरपालिकाले रु ६५ लाख, पुनर्वास नगरपालिकाले रु ६५ लाख र लालझाडी गाउपालिकाले रु ३५ लाखको सहकार्य गर्ने गरी मिति मा यस पालिका अन्तर्गतको श्रीपुरा प्राथमिक सवास्थ्य केन्द्रमा अकस्सिजन प्लाण्ट निर्माण गर्ने सम्झौता भएको पाइयो । उक्त सम्झौता अनुसार यस पालिकावाट हाल सम्म निम्नानुसार खर्च भएको पाइयो: | |

| भौ नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५९।२०७८।१०।१३</td><td>अक्सिजन प्लाण्ट</td><td>१४३००००० ।</td><td>प्लाण्ट खरिदको सम्झौता मूल्य रु१४३०००००। मध्ये रु २८६००००। को पेश्की दिएको</td></tr>
<tr><td>१७७।२०७८।१२।२९</td><td>ट्रान्सफर्मर खरिद</td><td>७०६२५०।</td><td></td></tr>
<tr><td>३४१।२०७९।३।२२</td><td>जेनेरेटर खरिद</td><td>९३३०४१।</td><td>३ वटा रु २७९९१२३। मा खरिद भएकोमा एक गोटा यसमा जडान भएको</td></tr>
<tr><td>११५।२०७८।१२।१</td><td>अक्सजिन प्लाण्ट घर निर्माण</td><td>१२३३४१९।९९</td><td></td></tr>
<tr><td>११६।२०७८।१२।१</td><td>अक्सजिन प्लाण्ट घरको रंगरोगन</td><td>४५९१७१।९१</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७६३१८८२।९०</td><td></td></tr>
</table>
यस सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रकार छनः</td><td></td></tr>
<tr><td>७०.२</td><td></td><td></td><td>तिनवटा पालिकाको सहलगानीमा हालसम्म रु १७६३१८८२।९० खर्च गरी संचालनमा ल्याइएको उक्त अक्सिजन प्लाण्ट संचालनको मोडालिटी, अक्सिजन विक्रीको शुल्क निर्धारण, आम्दानीको व्यवस्थापन, संचालनको जिम्मा आदि लगायतका विषयमा कार्यविधि तयार भएको पाइएन । जसका कारण भविष्यमा उचित व्यवस्थापनको अभावमा लगानी खेर जान सक्ने अवस्था देखिन्छ । तसर्थ पालिकाहरुको संयुक्त सहमतिमा संचालन कार्यविधि वनाइ उचित व्यवस्थापन गरी लगानी सदुपयोग गर्दै आन्तरिक आम्दानी वनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७०.३ | | | अक्सिजन प्लाण्ट संचालनका क्रममा विधुत प्रवाह अवरुद् भएमा बैकल्पिक माध्यमका रुपमा विधुत आपूर्तिका लागि हट प्वाइन्ट नेपाल प्रा ली काठमाडौ बाट रु ८९९१४१। मूल्य वरावरको एक जेनेरेटर प्लाण्ट र जडान लागत रु ३३९००। गरी रु ९३३०४१। मा जेनेरेटर खरिद गरी प्लाण्ट घर नजिक राखिएको भएता पनि जडान गरी संचालनका लागि तयारी अवस्थामा राखेको पाइएन । जडान नगर्नाले ग्यारेण्ट । वारेण्टी अवधि भित्र जेनेरेटरमा खरावी आएमा आपूतिकर्तालाई जिम्मेवार वनाउन सकिदैन। अत उक्त जेनेरेटर आपूर्तिकर्तालाई जडान गर्न लगाई संचालनको अवस्थामा आएको प्रमाण पेश गर्नु पर्ने रु | ३३,९०० |
| ७१ | | | **निर्माण कार्यसंग सम्वन्धित कागजात**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुने बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्न मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ। | |
| ७२ | | | **सामूदायिक वनको आय**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख मा सामूदायिक वन उपभोक्ता समितिले वन पैदवार विक्री तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्य योजना वनाई गाउपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदवारको विक्रीबाट प्राप्त रकमको दश प्रतिशत रकम सम्वन्धित गाँउपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिका भित्र १२ वटा सामूदायिक वन डिभिजन वन कार्यालय कञ्चनपुरमा दर्ता भएको अभिलेख प्राप्त भएकोमा ति सामूदायिक वनको अभिलेख राखी आम्दानी गर्ने तर्फ पालिकाबाट पहल भएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **वडा नं १ कार्यालय भवन**<br><br>वडा नम्बर १ मा कार्यालय भवन निर्माण कार्यका लागि जिके कन्सट्रक्सन सँग मिति २०७७/८/१७ मा रु. ७४५९१९१।५६ मा सम्झौता भएकोमा २०७८/८/५ मा अन्तिम भुक्तानी दिएको ठेक्का परीक्षण गर्दा देखिएको ब्यहोरा निम्नानुसार छः- | |
| ७३.१ | | | सार्वजनिक खरिद नियमावली १२५ (१क) मा खरिद सम्झौता वमोजिम निर्माण कर्य सम्पन्न भइसकेपछि सम्झौता वमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले समयमा नै दावी गर्नु पर्ने व्यवस्था छ । वडा कार्यालय भवनको स्थलगत अवलोकन गर्दा निर्माण कार्य सम्पन्न भएका कतिपय स्थानहरु टुटे फुटेको अवस्था देखियो । पालिकावाट त्रुटी सच्याउने अवधि पुरा हुनु अगावै टुटे फुटेको ठाउँहरु मर्मत गर्न लगाउनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | The linked image cannot be displayed. The file may have been moved, renamed, or deleted. Verify that the link points to the correct file and location. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | The linked image cannot be displayed. The file may have been moved, renamed, or deleted. Verify that the link points to the correct file and location. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ७३.२ | | | २१।२०७८।८।६ः सार्वजनि खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौताको भुक्तानी गर्दा करारका शर्त वमोजिम सार्वजनिक निकायले प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नापी किताव अनुसार भवन भित्रको भागमा ह्वाइट सिमेन्ट पुट्टी प्लाष्टर माथि डवल कोट डिसटेम्पर रंग रोगन कार्यका लागि भनी मु अ कर वाहेक रु १५१०५६।३७ भुक्तानी दिएको छ । स्थलगत अवलोकन गर्दा उक्त भित्री भागमा रंग उप्किएको ठाउँमा हेर्दा ह्वाइट सिमेन्ट पुट्टी प्लाष्टर नलगाई सिधै रंग रोगन गरको देखियो । स्पेसिफिकेसन वमोजम सम्पन्न नभएको उक्त कार्यका सम्वन्धमा प्राविधिक जांचगरी काम नभई नापी कितावमा समावेश भई भुक्तानी भएको अंश एकिन गरी वढी भुक्तानी भएको रकम निर्माण व्यवसायी जि के कन्सट्रक्सन वाट असुल गर्नु पर्ने रु | १५१,०५६ |
| ७३.३ | | | असुल गर्नुपर्ने २१।२०७८।८।६ः सार्वजनि खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौताको भुक्तानी गर्दा करारका शर्त वमोजिम सार्वजनिक निकायले प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । वडा नं १ को वडा कार्यालय भवनमा नापी किताव अनुसार १५ थान सिलिङ्ग पंखाको भुक्तानी दिएकोमा स्थलगत अवलोकन गर्दा ८ थान मात्र जडान भएको पाइयो । वास्तविक भन्दा नापी कितावमा ७ थान वढि पंखाको भुक्तानी दिएको प्रति पंखा मु अ कर समेत रु २७०९। का दरले रु १८९६३। निर्माण व्यवसायी जि के कन्सट्रक्सन वाट असुल गर्नु पर्ने रु | १८,९६३ |
| ७४ | | | **सेनिटरी प्याड खरिदः**<br><br>कार्यालयले आ.व. २०७८/७९ मा बि.आर.सर्जिकल एण्ड फर्म प्रा.लि. बाट रु.२९,६८,६६५.००(भ्याट सहित) बराबरको ५०,००० थान र न्यू एड्भान्स सर्जिकल हाउसबाट रु.५,५२,३४४.०० बराबरको ९,४०० थान गरी कुल रु.३५,२१,००९.०० बराबरको ५९,४०० थान सेनिटरी प्याड खरिद गरेको पाईयो ।जस अनुसार देखिएका व्यहोराहरु निम्न छन् : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष रु.३५,२१,००९.०० बराबरको ५९,४०० थान सेनिटरि प्याड खरिद गरेकोमा प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन । | |
| ७५ | | | **सामाजिक सुरक्षा तर्फ**<br><br>**पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु.** १५,०८,५२,१६४ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् | |
| ७५.१ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. १५,०८,५२,१६४ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-<br>सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७५.२ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन्, सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ७५.३ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएको अवस्था छ । पालिकाले डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ७६ | | | **आर्थिक सहायता**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक सहायता कार्यक्रमबाट आरक्ष पिडित जिल्ला संघर्ष समितिलाई आरक्षसँग सम्बन्धित विषयमा पहल गर्न काठमौड जाने प्रयोजनको लागि पेश गरेको निवेदनको आधारमा रु.५००००।० भुक्तानी गरेको छ । भुक्तानी भएको रकम कुन प्रयोजनमा के कार्यको लागि खर्च भयो सो सम्बन्धि कागजात संलग्न गरेको छैन । अतः खर्च पुष्ट्याई हुने प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ५०,००० |
| ७७ | | | **महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन अनुदान**<br><br>पालिकाले रकम खर्च गर्दा तथा अनुदान वितरण गर्दा दोहोपना नहुने गरी खर्च गर्नुपर्दछ । यस आर्थिक वर्षमा पालिकाले भौचर नं.९९३ मिति २०७९।१।१४ वाट वडा नं. ५ का महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन अनुदान कार्यक्रमबाट १२ थान साइकल खरिद गरी रु.९९५९८।० खर्च लेखेको छ । साथै सोही कार्यक्रम अन्तर्गत भौ.नं.१०७७ मिति २०७९।२।१९ बाट ११७ जना महिला स्वस्थ्य स्वयंसेविकालाई रु.५५००।० का दरले रु.६४३५००।० यातायात खर्च भुक्तानी गरेको छ । पालिकाले नै यातायात खर्च भुक्तानी गर्ने तथा साइकल खरिद गरि वितरण गर्ने कार्य एकै पटक गर्ने गरेको देखिन्छ । यसरी आवश्यकता नै एकिन नगरी सोझै यातायात खर्च भुक्तानी गर्नु तथा स्वयंसेविकालाई साइकल वितरण गर्नु मनासिव देखिदैन । अतः यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७८ | | | **कर्मचारी वीमा**<br><br>पालिकाले कर्मचारी सेवासुविधा भुक्तानी गर्दा संघीय कानुन बमोजिम मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले कानूनमा व्यवस्था नभए तापनि कर्मचारी वीमा बापत देहायबमोजिमका कार्मचारीलाई रु.१४३००५.० रकम भुक्तानी गरेको छ । यसरी कर्मचारी जीवन बीमाको लागि विगत देखि नै | १४३,००५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गाविसमा कार्यरत कर्मचारीले सुविधा पाइरहेकोले भुक्तानी गरेको प्रतिक्रिया दिएकोमा रकम भुक्तानी गर्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल दाखिला गर्नुपर्ने रु.

<table>
<tr><td>भौ.नं.</td><td>कर्मचारीको नाम</td><td>रकम</td></tr>
<tr><td>६६</td><td>नर बहादुर विष्ट</td><td>११४६६.०</td></tr>
<tr><td>२५०</td><td>श्याम कुमार राना</td><td>१५९२५.०</td></tr>
<tr><td>३२१</td><td>लेखक राम चौधरी</td><td>२००००.</td></tr>
<tr><td>३३६</td><td>नरेन्द्र बहादुर चन्द</td><td>८३५१.०</td></tr>
<tr><td>३८५</td><td>मुक्तिलाल पाण्डे</td><td>१०६३४.०</td></tr>
<tr><td>४२८</td><td>राधा तिमिलसेना</td><td>२०३०८.०</td></tr>
<tr><td>४७७</td><td>राजेन्द्र विष्ट</td><td>१९७६०.०</td></tr>
<tr><td></td><td>नारायण राना</td><td>२२२३४.०</td></tr>
<tr><td></td><td>धनिराम चौधरी</td><td>९१५०.०</td></tr>
<tr><td>७३१</td><td>अमर बहादुर राना</td><td>५१७७.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४३००५.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **पदाधिकारी सुविधा**<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट आ.व. २०७८/७९ मा रु.९३९७५००।० सुविधा वापत भुक्तानी भएको छ । जुन आन्तरिक आयको २७.६६ प्रतिशत रहेको छ । आन्तरिक आयको दायरा वृद्धि गरी सुविधा भुक्तानी गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ८० | | | **अन्य कार्यालयको खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्र.सं. | कार्यालय तथा संस्थाको नाम | कामको प्रकृत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय बेलौरी | रंगरोगन तथा फर्निचर | २७०००.० | |
| २ | परिवार बालगृह | विविध कार्यालय संचालन | २५००००.० | प्रस्तावना, लागत अनुमान, सम्पन्न प्रतिवेदन नभएको फुटकर विलको आधारमा खर्च |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार हालसम्म देहायबमोजिम रकम निकासा गरेको विवरण उपलब्ध गराएको छ । प्राप्त विवरण अनुसार हालसम्म १३५ जना लाभग्राहीले प्रथम किस्ता वापत रु.३८७९०००।० भुक्तानी लिएकोमा ५५ जनाले मात्र दोस्रो किस्ता वापत रु.१०३०६००।० भुक्तानी लिएको देखिन्छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको छैन । अतः सम्बन्धितले तोकीए अनुसारको कार्य गरे नगरेको एकीन गरी दोस्रो किस्ता वापतको बाँकी रकम निकासा गर्ने तथा प्रथम किस्ता वापतको रकमको तोकीएको बमोजिमको कार्य नगर्ने लाभग्राहिबाट उक्त रकम फिर्ता गर्नुपर्दछ । | |

| क्र.सं. | आर्थिक वर्ष | प्रथम किस्ता लिने | | दोस्रो किस्ता लिने | |
|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम |
| १ | २०७६।७७ | ४५ जना | ११७९०००.० | १९ जना | ३९१४००.० |
| २ | २०७७।७८ | ० | ० | ० | ० |
| ३ | २०७८।७९ | ९० जना | २७०००००.० | ३६ जना | ६३९२००.० |
| | जम्मा | १३५ | ३८७९०००.० | ५५ | १०३०६००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **एजविल्ट नक्सा पेश नभएको:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले वडा नं ७ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार (BELMUN/NCB/W/076/077-21) | ३०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>Construction of Basic Health Centre WN 7 निर्माण कार्यसम्पन्न वापत बैजनाथ कन्सट्रक्शनलाई रु.९,३७,७२६.०० भुक्तानी गरेको पाईयो।ठेक्का बिल अनुसार ल्याब टेस्ट र एजविल्ट नक्सा वापत रु.३०,०००.०० भुक्तानी भएकोले असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>८३</td><td></td><td>२०७९-९-१२</td><td>भर्पाई/प्रमाण पेश नभएको:<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम खर्च लेखेको तर सो कार्यक्रम गरे पश्चात भर्पाई,कार्यसम्पन्न प्रतिवेदन र प्रमाण पेश नभएकोले कार्यक्रमको प्रभावकारिता बारे एकिन गर्न सकिएन।कार्यक्रम भए पश्चातको बिल,भरपाई र कार्यक्रम सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं./मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>ब्यक्ति/पार्टी</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३०/२०७८-११-०६(कृषि न.पा.चालु)</td><td>घुम्ती स्थलगत तालिम</td><td>शुसिला बोहरा</td><td>२००,०००.००</td><td>तालिम सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td>२</td><td>११६/२०७८-११-०६</td><td>कार्यालय सामाग्री खरिद</td><td>बेलौरी नगरपालिका</td><td>९३,५०७.५०</td><td>सक्कल बिल नभएको</td></tr>
<tr><td>३</td><td>२३७/२०७९-०२-१७</td><td>वाटर प्युरिफायर</td><td>आधारभूत विद्यालय</td><td>२,४९,९९२.१६</td><td>वितरण भरपाई नभएको</td></tr>
<tr><td>४</td><td>३२९/२०७९-०३-२०</td><td>बोट जाती तथा पिछडिएका वर्गका</td><td>राधा तिमिल्सेना</td><td>५,००,०००.००</td><td>तालिम सम्पन्न प्रतिवेदन नभएको</td></tr>
</table></td><td>१,०४३,४९९.१६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>महिलाहरुका लागि ३ महिने तालिम</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०,४३,४९९.६६</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रमः<br><br>उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।कार्यायले आ.व. २०७८/७९ मा डल तथा कुशन बनाउने,कडा तथा चुरा पोते बनाउने,माछापालन,बंगुरपालन लगायत फाईबर झोला तथा हाते पर्स बनाउने तालिम ८० जनालाई प्रदान गरी रु.७,१४,४६५.०० खर्च गरेको पाईयो ।यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको,सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>लघु उद्यम कार्यक्रम संचालनः<br><br>उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची ३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ ।कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम संचालनार्थ कुल रु.२५,०६,१९०.०० खर्च भएको पाईयो ।कार्यालयले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम संचालन आंशिक रुपमा मात्र गरेको पाईयो ।अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार गर्न विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **वडा नं. १ विद्युत महशुल अनुदान**<br><br>पालिकाले वडा नं. १ भित्रका विद्युत मिटर जडान प्रत्येक घरधुरीलाई विद्युत महशुल वापत मासिक रु.१००।० का दरले विद्युत महसुल रकम मटैया ग्रामिण विद्युत सहकारी संस्था ली. भुक्तानी दिने गरी सम्झौता गरी रु.७९९६००।० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ८६.१ | 871 | २०७८-१२-२४ | पालिकाले प्रथम चरणमा १८३ घर परिवारलाई एक वर्षको लागि रु.२१९६००।० भुक्तानी गरेको छ । यसरी रकम भुक्तानी गर्दा संलग्न विवरणमा सम्बन्धित ग्राहक नाम नामेसी मात्र उल्लेख गरेको देखिन्छ । लाभग्राहीको ग्राहक नम्बर नै उल्लेख नगरी नामनामेसीको आधारमा रकम भुक्तानी हुँदा सम्बन्धित लाभग्राहीको लागि मात्र रकम भुक्तानी भएकोमा एकिन हुन सकिएन । साथै विद्युत महसुल छुट सम्बन्धमा सम्बन्धित सहकारि संस्थाका कर्मचारीसँग प्रतिक्रिया लिँदा प्रथम किस्ता वापतको १८३ जनाको चैत्र अन्तिममा मात्र प्राप्त भएकोले बैशख पछाडी मात्र रकम छुट दिएको र आगामी आर्थिक वर्षमा बाँकी रकम समायोजन गर्ने वताएका छन् । पालिकाले १२ महिनाको लागि रकम भुक्तानी गरेकोमा लाभग्राहिले ३ महिनाको मात्र छुट प्राप्त गरेको देखिएकोले बाँकी रकम पालिकामा फिर्ता गरि आगामी आर्थिक वर्षमा सोही बर्षको बजेटबाट रकम भुक्तानी गरी महशुल छुट गराउनु पर्ने रु. | १६४,७०० |
| ८६.२ | 1251 | २०७९-३-२० | पालिकाले दोस्रो चरणमा ४८३ घर परिवारलाई एक वर्षको लागि रु.५८००००।० भुक्तानी भएको छ । भुक्तानी माग गरेको कागजातमा ४८३ जनाको नामनामेसि उल्लेख भएको मध्ये २७८ जनाको नाम थर मात्र र २०५ जनाको नामथर र ग्राहक नम्बर मात्र उल्लेख गरेको देखिन्छ । लाभग्राहीको स्पष्ट परिचय खुल्ने प्रमाण संलग्न गरी नामनामेसीको आधारमा रकम भुक्तानी भएको देखिन्छ । साथै दोस्रो चरणको रकमबाट सम्बन्धित लाभग्राहीले विद्युत महशुल छुट पाएको सम्बन्धित सम्बन्धित सहकारी संस्था तथा पालिकामा कुनै विवरण नरहेको कारणबाट छुट पाएकोमा एकिन हुन सकिदैन । अतः सम्बन्धित लाभग्राहीले विद्युत महशुल छुट प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु. ५८००००।० | ५८०,००० |
| ८६.३ | | | पालिकाले छुट बापत मासिक रु.१००।० भुक्तानी गरेकोमा मासिक रु.१००।० पनि भुक्तानी गर्नु नपर्ने अवस्थामा पनि रकम भुक्तानी भएको देखिन्छ । जसबाट पालिकाबाट भुक्तानी भएको रकम सम्नब्धित सहकारीसँग मौज्दात रहने देखिन्छ । अत आर्थिक वर्षमा संस्थालाई वास्तविक रुपमा छुट भुक्तानी गरेको एकिन हुने विवरण पेश गर्न लगाइ बढी भुक्तानी रकम फिर्ता लिनुपर्दछ । | |
| ८७ | | | **अनुगमन तथा सम्परीक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

रु.हजारमा

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत वर्षसम्मको बाँकी बेरुजू(C=A-B) |
|---|---|---|
| १९६११० | ४२१५ | १९१८९५ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ। सम्परीक्षण गरिएको बेरुजुको लगत कट्टा गर्नुहनु अनुरोध गरिन्छ । साथै आर्थिक वर्ष २०७७।७८ को सम्परीक्षण NAMS बाट मात्र गरिने हुँदा त्यसको जानकारी समेत NAMS मार्फत नै गराइएने छ ।

| क्र. सं. | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | फस्यौंट विवरण | सम्परिक्षण आधार | रकम |
|---|---|---|---|---|---|---|
| १ | २०७४।७५ | 8४ | बढी भत्ता भुक्तानी भएको असुल गर्नुपर्ने | मंगल बहादुर शाहीको बढी भत्ता असुल भएको | असुली | २५५० |
| २ | २०७४।७५ | 85 | अनुगमन र सहभागी भत्ता असुल गर्नुपर्ने | मंगल बहादुर शाहीको बढी भत्ता असुल भएको | असुली | ८५० |
| ३ | २०७४।७५ | ९५ | वडा स्तरिय जेष्ठ नागरिक सम्मान कार्यक्रमको आधार बेगरको भत्ता असुल हुनुपर्ने | असुल दाखिला भई आएको | असुली | ४००० |
| ४ | २०७४।७५ | १०५ | पेश्की बाँकी रकम पे.फ. गर्नुपर्ने | पेश्की फस्यौंट भइ आएको | पे.फ. | ३०००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २०७५।७६ | ४९ | पेश्की बाँकी रकम पे.फ. गर्नुपर्ने | पेश्की फस्यौंट भइ आएको | पे.फ. | ७०००००.० |
| ६ | २०७५।७६ | ९८ | नपुग कर रकम असुल गर्नुपर्ने | रेडियो बेलौरीको नपुग कर रकम असुल भएको | असुली | ५६९१०.० |
| ७ | २०७५।७६ | १०० | नपुग कर रकम असुल गर्नुपर्ने | रेडियो बेलौरीको नपुग कर रकम असुल भएको | असुली | ५३७७५.० |
| ८ | २०७५।७६ | १०१ | नपुग कर रकम असुल गर्नुपर्ने | रेडियो बेलौरीको नपुग कर रकम असुल भएको | असुली | २०२५.० |
| ९ | २०७५।७६ | १३७ | नपुग कर रकम असुल गर्नुपर्ने | रेडियो बेलौरीको नपुग कर रकम असुल भएको | असुली | ४२८४७.० |
| १० | २०७५।७६ | ९८ | नपुग कर रकम असुल गर्नुपर्ने | एन. बि. मिडिया नेटवर्कको नपुग कर रकम असुल भएको | असुली | ५४९०.० |
| ११ | २०७५।७६ | १३७ | नपुग कर रकम असुल गर्नुपर्ने | एन. बि. मिडिया नेटवर्कको नपुग कर रकम असुल भएको | असुली | २०२५.० |
| १२ | २०७६।७७ | | पेश्की बाँकी रकम पे.फ. गर्नुपर्ने | देहायबमोजिमको पेश्की पालिकाबाट फस्यौंट गरी सम्परीक्षणको लागि अनुरोध गरेकोले सम्परीक्षण हुने | पे.फ. | ३६३४६८५.० |

| क्र. सं. | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| १ | गणेश निर्माण सेवा | ५२४०००.० |
| २ | बैजनाथ कन्स्ट्रक्सन | ५२५०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ३ बैजनाथ कन्स्ट्रक्सन ५२५०००.०<br>४ बैजनाथ कन्स्ट्रक्सन ५२५०००.०<br>५ राजेन्द्र विष्ट २३४०००.०<br>६ मालिका निर्माण सेवा प्रा.ली. ४७०००.०<br>७ मालिका निर्माण सेवा प्रा.ली. २४२०००.०<br>जम्मा | | |
| १३ | २०७६।७ ७ | १०९ | नेपाल मानव धर्म सेवा समितिलाई प्राबिधिक मूल्याङ्कन बिलभन्दा बढी भएको रकम असुल गर्नुपर्ने रु. | सम्झौता भन्दा भुक्तानी नदिएको प्रतिक्रिया र प्रमाण पेश भएको | प्रमाण | ११२६१७ |
| १४ | २०७६।७ ७ | १०७ | देहरादुन टोल दुर्गा मन्दिरदेखि वडा नं. १ जोड्ने बाटो निर्माण उ.स. लाई प्राविधिक मूल्याङ्कन बिलभन्दा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | बढी भुक्तानी नभएको प्रमाण पेश भएको | प्रमाण | २९६८२ |
| १५ | २०७६।७ ७ | ८१ | अग्रिम आय कर छुट रकम असुल गर्नुपर्ने | पूर्व विधार्थी समाज शान्तिपुरको अग्रिम आय कर छुट रकम असुल दाखिला गरेको भौचर पेश भएको | असुली | ४७२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | २०७६।७<br>७ | ८२ | छुट कर रकम असुल दाखिला गर्नुपर्ने । | पञ्चकोशी चन्दननाथ एकता समाजको छुट कर असुल दाखिला गरेको भौचर पेश भएको | | १३५०० |
| १७ | २०७६।७<br>७ | १०५ | कन्टिन्जेन्सी रकम नपाको सञ्चित कोषमा जम्मा गरेको नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्ने | संघीय संचित कोषमा रकम जम्मा गरेको प्रमाण पेश भएको । | | ५३१४९ |
| १८ | २०७६।७<br>७ | १०६ | स्विकृत भ्रमण आदेशभन्दा बढी रकम भुक्तानी असुल गर्नुपर्ने | कुमार सिंह नगारीको बढी भुक्तानी रकम असुल दाखिला गरेको भौचर पेश भएको । | | १२०० |
| १९ | २०७६।७<br>७ | ४२ | दोहोरो भुक्तानीः एड सेन्टर र पालिका एक्सप्रेसलाई सक्कल बिलक र फोटोकपि बिजकबाट दोहोरो भुक्तानी भएको असुल गर्नुपर्ने | पालिका एक्सप्रेसको रु.३२२५६०।० असुल दाखिला गरी भौचर पेश भएको र एड सेन्टरको रु.५३२३५।० बेरुजु कायम हुनुपर्नेमा रु.१३०३४४।० कायम भएकोले बढी कायम भएको बेरुजुको प्रमाण पेश भएकोले एड सेन्टरको नाममा रहेको बेरुजु रु.७७१०९।० प्रमाणका आधारमा समपरीक्षण हुने । | असुली र प्रमाण | ४५२९०४ |
| | | | जम्मा | | | ४२१५५३९.० |